लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १८, अंक ११, २०८१ असोज १८ गते शुक्रबार (Oct. 04, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## मालपोत विभागको सरुवामा आर्थिक गन्ध

काठमाडौं/ भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत असोज १५ गते करिव दुई दर्जन उपसचिवहरुको सरुवा गरेको छ। असोज १५ गतेपछि सरुवा गर्न नपाइने व्यवस्था अनुसार मन्त्रालयले अन्तिम दिन मालपोत प्रमुख (उपसचिव) हरुको सरुवा गरिएको हो।

मन्त्रालयले गरेको सरुवामा उपत्यकाको मालपोत प्रमुखहरुमा डिल्लीबजार मालपोत बाहेक अरुमा पुरानैले निरन्तरता पाएका छन्। डिल्लीबजार मालपोत कार्यालयको प्रमुखमा मन्त्रालयले लोकबहादुर भण्डारीलाई पठाएको छ। उपत्यकाका मालपोत कार्यालय कलंकी, चाबहिल, साँखु, ललितपुर, भक्तपुर लगायतका ठाउँमा सरुवा हुन उपसचवहरुको शक्तिकेन्द्रमा दौधधूप चलेको थियो।

मन्त्रलायले पुरानै हाकिमबाट शुभलाभ लिएर नयाँलाई हिस्स बनाई दिएको समाचार श्रोतले बताएको छ। मन्त्रालयले नयाँ पोष्टिङ भएर आएकाहरुलाई उपत्यका बाहिर सरुवा गरेको छ। बाँकी ७ पृष्ठमा

# विपत्तिको समयमा पनि खिचातानी

**भक्तपुर/ प्राकृतिक विपत्तिको अवस्थामा मुलुक परेको छ। गत शनिबार विहानको रातिदेखि आएको मुसलधारे पानीको कारण देशका धेरै भागमा विपत्ति परेको छ। अविरल पानीका कारण बागमती प्रदेश सबैभन्दा बढी प्रभावित बन्न पुगेको छ। बागमती प्रदेशका धेरैजसो जिल्लामा प्राकृतिक विपत्तिका कारण मानिसहरुको मृत्यु हुन पुगेको। यसैगरी ठूलो मात्रामा जनधनको क्षति पनि हुन पुगेको छ। विभिन्न पूर्वाधारहरुमा यसले असर पारेको छ भने धेरै परिवारहरु घरबारविहीनको अवस्थामा पुगेका छन्।**



उक्त बाढीपहिरामा परी दुई सय ३३ जनाको मृत्यु भएको भनी सरकारले आँकडा प्रस्तुत गरेको छ। सरकारी आँकडा अनुसार २२ जना बेपत्ता छन्। यसैगरी एक सय ६९ जना घाइते भएका छन्।गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार हालसम्म बाढीपहिरो प्रभावित क्षेत्रबाट १७ हजार एक सय २० जनाको उद्धार गरिएको छ।

विपत्को समयलाई ख्याल गरेर सरकारले उद्धार र सहायता परिचालनलाई प्राथमिकतामा राखेको बताइएको छ। अवरुद्ध राजमार्ग मर्मतसम्हार गरी यातायातका साधन सञ्चालन गर्न सरकारले प्रयास गरिरहेको बताइएको छ।बाढी पहिरोबाट क्षतिग्रस्त सडक तथा पुलहरु पुनर्निर्माण गर्न करिब २५ अर्ब रुपियाँ लाग्ने सरकारले जनाएको छ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले क्षतिको विवरण सार्वजनिक गरेको हो। सम्पूर्ण सडक तथा पुलको संरचना पुनर्निर्माण गर्न २० देखि २५ अर्ब रुपियाँ खर्च लाग्ने भनी पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

'क्षतिको विस्तृत विवरण सङ्कलनको काम जारी नै रहेकोमा हालसम्मको प्रारम्भिक अनुमान अनुसार सडक तथा पुलतर्फ अस्थायी यातायात चालु गर्न मात्र साढे दुईदेखि तीन अर्ब रुपियाँ लाग्ने देखिएको छ। क्षति भएका सम्पूर्ण संरचना स्थायी रूपमा पुनर्स्थापना गर्न २० देखि २५ अर्ब रुपियाँ लाग्ने अनुमान गरिएको छ।' पत्रकार सम्मेलनमा वितरित विज्ञप्तिमा भनिएको छ।

दशैंको मुखमा आएको यो विपत्तिका कारण राजधानी काठमाडौंबाट बाहिर जाने सबैजसो मार्गहरुमा असर परेको छ। धुलिखेलबाट बर्दीबासहुँदै पूर्व जाने बी.पी.मार्गका विभिन्न स्थानहरु अवरुद्ध छन्। धेरै स्थानहरुमा बाटो नै पूर्ण रुपमा बिग्रिएको अवस्था छ। यस्तो बेलामा उक्त मार्ग अवरुद्ध हुँदा पूर्व जाने यात्रुहरु प्रभावित बनेको अवस्था छ।

यसैगरी राजधानी काठमाडौं आउने सबै नाकाका मार्गहरु सहज देखिएका छैनन्। दशैंको मुखमा आएको विपत्तिका बाँकी ७ पृष्ठमा

## कांग्रेसले यसपाली दशैंको चियापान नगर्ने



काठमाडौं/ मुलुक बाढी पहिरोबाट मुर्छित बनेको अवस्थामा जनताको उद्धार राहत कार्यमा केन्द्रित हुनुपरेको भनी नेपाली कांग्रेसले जनाएको छ। सोही कारण देखाएर काँग्रेसले हरेक वर्ष दशैंको कोजागत पूर्णिमामा गर्दै आएको चियापन कार्यक्रम स्थगित गर्ने निर्णय गरेको छ।

काँग्रेसले २०३३ सालदेखि गोजाग्रत पूर्णिमाको दिन विशेष कारणबाहेक चियापान कार्यक्रम गर्दै आएको छ। चियापन कार्यक्रममा सबै दलका नेता तथा पार्टीका शुभेच्छुक, संघसंस्था र नेता एवं कार्यकर्ताहरुको ठूलो संख्यामा उपस्थिति रहने गरेको छ। यसबाहेक काँग्रेसले सञ्चालन गर्ने भनेको सय दिने अभियान कार्यक्रम पनि हाललाई स्थगित गरेको पार्टी प्रवक्ताले बताएका छन्।

हाल काँग्रेस र नेकपा (एमाले) को बहुमतको सरकारमा काँग्रेसबाट मन्त्री बनेका १० जनाले जनतालाई राहत पुग्ने कुनै काम नगरेको बाँकी ७ पृष्ठमा

## अविरल वर्षाले मुख्य सडकहरु अवरुद्ध

काठमाडौं/ गत असोज १० गते देखि परेको भारी वर्षाका कारण संघीय राजधानी काठमाडौंलाई जोड्ने राजमार्ग तथा मुख्य सडकहरु व्यापक रुपमा क्षति हुँदा जनजीवन अस्तव्यस्त बनेको छ।

भारी वर्षाले मानवीय भौतिक रुपमा ठूलो क्षति गरेको छ। दुई सय बढी व्यक्तिहरुले ज्यान गुमाएका छन् भने सडक, पुल र हाइड्रो पावरमा गरी पाँच अर्ब रुपियाँभन्दा बढी क्षति भएको बताइएको छ। नेपालीहरुको महान चाड दशैं, तिहार र छठ नजिकैदै गर्दा घर जाने यात्रुहरुलाई समस्या परेको छ।



सडकमार्ग अवरुद्ध हुँदा हवाई भाडा सर्वाधिक मंहगो बनेको छ भने बजार भाउको मूल्यवृद्धिले सर्वसाधारणको ढाड सेकिएको छ। तरकारी लगायत खाद्यपदार्थमा भएको मूल्यवृद्धिप्रति सरकारी अनुगमन कर्मकाण्डी बनेको छ। सडक र पुल बगाउँदा राजधानीसँग जिल्लाको आवतजावत टुटेको छ। तीन दिने भारी वर्षाले २३ वटा राजमार्गका छभन्दा बढी ठाउँ पूर्णरुपमा क्षति बनेको समाचार श्रोतले बताएको छ। राजधानी भित्रिने नागढुंगा नाका, बाँकी ७ पृष्ठमा

# गृहमन्त्रीको लोकप्रियताप्रति प्रश्नचिन्ह

काठमाडौं/ नेपाली काँग्रेसका प्रभावशाली नेता एवं गृहमन्त्री रमेश लेखकप्रति काँग्रेसका केही नेताले नै विरोधका लागि विरोध शुरु गर्न थालेका छन्। गृहमन्त्री बनेको तीन महिना नपुग्दै गृहमन्त्री लेखकलाई 'सिन्को पनि नभाँचेको' भनी विरोध शुरु भएको छ।

गृहमन्त्री लेखकले थुप्रै ऐन र नीतिगत सुधारहरु गरेको बताइने गरे पनि कांग्रेसभित्रै उनको विषयलाई लिएर प्रश्न उठ्न थालेको हो। बौद्धिक नेताका रुपमा चिनिएका नेता लेखक कानूनका जानकार पनि हुन्। गृहमन्त्री बन्नु अगाडि उनी काँग्रेसको् प्रमुख सचेतक थिए।



तार्किक र तथ्य परक अभिव्यक्तिका कारण उनको उचाई बढिरहेको अवस्थामा सत्तामा पुगेपछि उनको उचाई खस्किएको भनी 'स्याल हुँइया मच्याउन थालिएको' छ। सहकारी प्रकरणमा मुछिएका पूर्वगृहमन्त्री एवं रास्वपाका सभापति रवि लामिछानेलाई कारबाही गर्न मन्त्री लेखकले नेपाल प्रहरीलाई निर्देशन दिसकेका छन्। दुई तिहाई बहुमत प्राप्त शक्तिशाली नेकपा (एमाले) का खड्गप्रसाद शर्मा ओलीको मन्त्रिपरिषदमा काँग्रेसबाट मन्त्री बनेकाहरुमध्ये गृहमन्त्री लेखकको कार्यलाई प्रशंसायोग्य भन्ने गरिन्छ। यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल एवं परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको काम कारबाहीको प्रशंसा गर्न लायक रहेको काँग्रेसका नेताहरुले नै बताएका छन्।

गृहप्रशासन, स्वास्थ्य सेवा र परराष्ट्र सम्बन्धप्रति उनीहरुले खेलेको भूमिका सन्तोजनक रहेको चर्चा चलेको छ। काँग्रेसका अन्य मन्त्रीहरुले पनि जनताका पक्षमा 'डेलिभरी' दिन कोशिस गरिरहेको जानकारहरुले बताएका छन्।

यसै सन्दर्भमा गत असोज १२ गतेदेखि परेको भारी बर्षाले आएको बाढी पहिरोले देशैभरको जनजीवन अस्तव्यस्त बनाएकोप्रति गृहमन्त्री लेखकमाथि आक्रोश पोख्ने कार्य भएको हो। उनले उद्धार तथा राहतका लागि सक्रिय भूमिका खेलेको अवस्थामा ललितपुरको नख्खु खोलामा आएको बाढीमा आफूलाई बाँकी ७ पृष्ठमा

# विपद्‌ले पीडा, केहीलाई कमाउने मौका !

प्रसङ्गवश

अनुषा थापा



नेपालले पटक-पटक महामारी र प्राकृतिक विपद्को सामना गर्दै आएको छ। विश्वमै फैलिएको कोरोना आतंक २०७६ सालमा नेपाल भित्रियो। त्यतिबेलाका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले दुईपटक लकडाउन गरे। २०७६ चैत ११ गते र २०७८ बैशाख १६ गतेदेखि मुलुकमा लकडाउन भयो।

प्रधानमन्त्री ओलीले मुलुक र जनतालाई अप्ठेरो परिरहेको सो अवधिको तलबभत्ता नलिने घोषणा गरे। हाम्रो देशको नेताहरुको उच्च नैतिक चरित्रबारे त सबैलाई जानकारी नै छ। भन्छन् एउटा, गर्छन् अर्को। तलबभत्ता, सेवासुविधा नलिने भनेर पहिले वाहीवाही बटुले, पछि लिए।

दशैंको मुखमा बाढीपहिरोले वितण्डा मच्चाएको छ। अरबौं रुपियाँ बराबरको क्षति भएको छ। लाखौं सर्वसाधारण विस्थापित भएका छन्। प्रधानमन्त्री र मन्त्रीहरुले आफ्नो एक महिनाको तलब बाढीपीडितलाई दिने घोषणा गरेका छन्। लिँदैनौं भनेर जनतालाई अल्मलाउँछन्, अनि लुसुक्क लिन्छन्।

यस्ता त्यागी नेताहरुले कहाँ आफ्नो तलबभत्ता छोड्छन् त ! देशको आर्थिक अवस्था धरापमा पर्दा त तलबभत्ता खोज्ने यिनीहरुले कसैका लागि केही त्याग गर्छन् ? कोरोनाको बेला सरकारले राहत बाँड्यो। राहतको नाममा कमिशनको ठूलो चलखेल भयो। विदेशी दातृहरुले गरेको सहयोग पनि आ-आफैंले बटुले।

नाम जनताको लिएर आफ्नो कार्यकर्ता पोसे। कोरोनाको मौका छोपेर कमाउनु कमाए। अब बाढीपीडितको हकमा पनि त्यही नै हुन्छ। राहत दिएजस्तो गर्छन्, आफ्नो खल्ती भर्छन्। मुलुकमा ठूलो संकट आयो भने फाइदा सँधै नेता र तिनका कार्यकर्तालाई हुने हो। जनता सँधै हेरेको हेर्यै।

नेता र सरकारी कर्मचारीले कोरोनाकालमा धेरै चलखेल गरे। जनता कोरोनाबाट तड्पिरहेको बेला उनीहरुलाई कमाउने अवसर बन्यो। अब अहिले कति चलखेल हुने हो। मुलुकले पटकपटक भूकम्पको सामना गरिसकेको छ। भूकम्पले धेरै क्षति पुऱ्याउँछ। आम सर्वसाधारण पीडामा हुन्छन्, नेता र सरकारी कर्मचारी कमाउने धन्दामा।

घर बनाउन पैसा दिने भन्छन्, त्यही कमिशनको चलखेल हुन्छ। देश र जनता पीडामा हुँदा पनि कमाउधन्दा नछोड्ने नेता र सरकारी कर्मचारीबाट अपेक्षा गर्नु केही छैन्। भूकम्प आउँदा नेता-कार्यकर्तालाई कम्ता फाइदा भएन्। क्षतिग्रस्त भौतिक बाँकी ७ पृष्ठमा

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालय

## वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौ।

### वैदेशिक रोजगारीमा जाँदा निम्न विषयहरुमा ध्यान पुऱ्याउनु पर्छ:

**वैदेशिक रोजगार सम्बन्धी ठगीबाट जोगिन सधैं इजाजतपत्र संस्थाबाट मात्रै कारोवार गरौ।**

१. अनुमती प्राप्त वैदेशिक रोजगार व्यावसायी संस्था मार्फत जाने भएमा अनुमती प्राप्त भए नभएको तथा जान लागेको मुलुक तथा कार्य वैदेशिक रोजगारीको लागि नेपालवाट जानको लागि नकारात्मक सुचिमा भए नभएको यस विभागको वेवसाइट www.dofe.gov.np मार्फत एकिन गरौ। साथै कन्सल्टेन्सी, तालिम केन्द्र, ट्राभल एजेन्सी मार्फत वर्किङ भिसामा जान अवैधानिक हुने हुंदा ती माध्यमबाट प्रक्रिया शुरु नगरौ।

२. सामान्य चिनेको वा चिन्दै नचिनेको व्यक्तिले भनेको आधारमा अमेरीका क्यानडा लगाएतका आकर्षक मुलुकमा पठाइदिन्छु भनेको आधारमा पैसा दिने कार्य नगर्नुको साथै अवैध मार्गवाट जाने कहिले पनि प्रयास नगरौ। यस्तो प्रयासवाट ठुलो धनजनको क्षती हुनसक्ने विषयमा हेक्का राखौ।

३. वैदेशिक रोजगारीको लागि अनुमति प्राप्त नभएका संस्था वा कुनै व्यक्तिमार्फत वैदेशिक रोजगारीमा जाने प्रयास गर्दै नगरौ।

४. अनुमती प्राप्त संस्था मार्फत जाँदा समेत विभागको वेवसाइट मार्फत विज्ञापन लट नम्वर चेक गरेर मात्र अन्तरवार्ता लगाएतका छनौट प्रकृयामा सहभागी वनौ।

५ वैदेशिक रोजगार व्यावसायीको सम्वन्धीत संस्थाको संचालक तथा कर्मचारीलाई मात्र सेवा शुल्क र पासपोर्ट वुझाउने गरौं तथा शुल्क दिंदा वैदेशिक रोजगारीको प्रयोजन खुलाइ वैङ्किङ माध्यामवाट दिने गरौ। नगदै दिने अवस्थामा समेत प्रयोजन खुलाइ भरपाइ लिएर मात्र दिने गरौ।

६. वैदेशिक रोजगारीमा जानुभन्दा अगाडी इमान्दारीताका साथ मेडिकल गर्ने गरौ अन्यथा विदेशमा पुगेपछी मेडिकल फेल भएर फर्कने अवस्थाको सृजना हुन सक्दछ साथै अभिमुखीकरण तालिम समेत धैर्यताका साथ लिने गरौ।

७. भिजिट भिसामा विदेशमा गएर कार्य गर्ने विचार गर्दै नगरौ तथा वैदेशिक रोजगारीमा जानेक्रममा स्वदेशकै विमानस्थलको प्रयोग गरौ।

८. कार्यस्थलमा कार्य गर्दा मर्यादित तथा अनुशासित ढंगले कार्य गरौ ,कसैको लहै लहैमा नलागौ, सम्वन्धीत देशको कानूनको सम्मान गरौ, आफ्नो परिवारको नियमीत सम्पर्कमा रहने गरौ, अन्यथा पारिवारीक कलह शंका लगाएतका अवस्थाहरुको सृजना भएर ठुलो सामाजिक मुल्य चुकाउनु पर्ने अवस्थाको सृजना हुन सक्छ।

९. कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौ। यदी कुनै दुर्घटना वा भवितव्य घटेमा नजिकैको दुतावास, मन्त्रालय, विभाग वा सम्वन्धित वैदेशिक रोजगार वायवसायीलाई जानाकारी गराउने गरौ।

१०. स्वदेशमा पैसा पठाउँदा अनिवार्य रुपमा वैङ्किङ माध्यामवाट मात्र पठाउने गरौ।

११. जुनसुकै प्रकारको परामर्श श्रम स्वीकृती उजुरी राहत उद्धार क्षतिपुर्ति विमा भुक्तानी लगाएतका कार्यहरुको लागि प्रत्येक स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र आप्रवासन स्रोत केन्द्रहरुमा सम्पर्क गरौ एवं अनलाइन प्रणालीवाट नै उजुरी तथा गुनासोहरु गर्ने गरौ।

१२. उजुरी तथा जाहेरी गर्ने क्रममा वैदेशीक रोजगारीको प्रयोजन खुलेको प्रमाण संलग्न गरौ वैदेशिक रोजगारी हो भन्ने प्रमाण पुगेका उजुरीहरु मात्र वैदेशिक रोजगार विभागमा गरौ अन्य प्रकारका लेनदेन तथा ठगीका उजुरीहरु प्रत्येक पालिकामा रहेको न्यायीक समिति, प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय जस्ता निकायहरुमा गरौ।

१३. कसैले पनि वैदेशिक रोजगारीको नाममा ठग्ने र ठगिने वातावरणको सृजना नगरौ वैदेशिक रोजगारीलाई नैतिकवान, सुरक्षित, मर्यादीत तथा उत्पादनशील वनाउने कार्यमा सवैले सक्दो टेवा पुऱ्याउने गरौ।

महानिर्देशक

वैदेशिक रोजगार विभाग

# राजनीतिक नेतृत्वप्रतिको जनआक्रोश र गुम्दै गरेको अमूल्य समय

हामीसँग पर्खिने र हेर्ने समय छैन। विगतमा गुजारेको अनुत्पादक समयको क्षतिपूर्ति स्वरूप दिनरात काम गर्नुपर्ने र आउने पुस्ताको निम्ति सुविस्ताको जीवन बिताउने वातावरण बनाइदिने जिम्मेवारी हाम्रै हो। र, अर्को कुरा अहिले उपलब्ध सुविधाका निम्ति अग्रजहरूलाई श्रेय गएजस्तै हामीले राम्रो गर्दा आउने पुस्ताले हामीप्रति गौरव गर्ने स्थिति बनाउने दायित्व पनि हाम्रो नै हो। तर, हामी के गर्दैछौं र नयाँ पुस्तालाई कस्तो समाज हस्तान्तरण गर्दैछौं ? आजको ज्वलन्त प्रश्न हो। मूलतः हाम्रो ध्यान कहाँ छ ? आजको ऊर्जाशील पुस्ताले हामीबाट के सिक्दैछ ? हाम्रो राजनीतिक प्रणाली राज्यको उत्थान र जनकल्याणमा कति प्रतिबद्ध छ ? हाम्रासामु खडा चुनौती के-के हुन् र आउने दिनमा थपिने चुनौती के-के हुन सक्छन् ? हाम्रो समाज कहाँ छ र विश्व समाज कहाँ पुग्यो ? हामी किन पछि पर्‍यौं ? यी सबै पक्षको गम्भीर समीक्षा गरेर स्पष्ट र ठोस कार्यसूचीसहित अघि बढ्नुपर्ने वर्तमानको मुख्य दायित्व हो। तर, हिजोआज के हुँदैछ र भोलि के हुँदैछ, कसैलाई थाहा छैन। वर्तमान शासन प्रणाली केका लागि हो ? देश र जनताका लागि कि सीमित राजनीतिज्ञका लागि ? भन्ने बहस शुरू गर्नुपर्ने स्थिति देखिन्छ, किनभने नेपालको विद्यमान राजनीति दिनानुदिन गैरजिम्मेवार हुँदै गएको देखिन्छ। र, सप्रिने वा सुध्रिने कुनै छाँटकाँट छैन। यस सन्दर्भमा एउटा भनाइ निकै गम्भीर र मननीय छ।

यो ठ्याक्कै कसले र किन भन्यो, थाहा छैन। तर, हामीलाई के थाहा छ भने अज्ञातका नाममा प्रचारित यस्ता भनाइहरू निकै गहन तथा मननीय हुने गर्छन्। यी विचार र भनाइले मानव जाति र समाजको वास्तविक अवस्थाको गहिरो चित्रण र जीवन्त वर्णन गर्दछन्। साथै, मार्गदर्शन पनि गर्छन्। यसले सोझै राजनीतिक व्यवस्थाको पक्ष वा विपक्षमा त बोलेको देखिँदैन तथापि समाज व्यवस्थाका र समग्र जीवन जगतका बहुआयामिक चित्र र चरित्र बोल्छन्। माथिकै भनाइले पनि वैयक्तिक, सामाजिक वा राजनीतिक भाव बोकेका छन् र निकै गहिरो सन्देश दिएका छन्। उपरोक्त भनाइलाई नेपालको राजनीतिमा जोडेर विषद् विवेचना गर्न सकिन्छ। र, विभिन्न निष्कर्ष निकाल्न सकिन्छ, किनभने यहाँ बोलिने कुरा र गरिने विषयमा निकै अन्तर र विरोधाभाष देखिन्छ। जिम्मेवारी लिएका व्यक्ति वा संस्थाका गैरजिम्मेवार व्यवहारबाट समकालीन समाज निकै आहत देखिन्छ।

जब सम्बन्धित देशका बासिन्दा वा नागरिकको प्रचलित राजनीतिक प्रणाली र राजनीतिक नेतृत्वप्रति वितृष्णा जाग्छ, तब समाजले अस्थिरता, अधोगति वा पतनको बाटो समात्दोरहेछ। समाजलाई सही वा गलत बाटोमा लैजाने काम राजनीतिले नै गर्छ। आफूले अतिविश्वास र भरोसा गरेको राजनीतिक प्रणाली र नेतृत्वले आफ्ना नागरिक र समाजप्रति जिम्मेवार एवं उत्तरदायी भूमिका निर्वाह नगरेपछि उत्पन्न हुने निराशा र आक्रोशले जस्तोसुकै रूप लिन तथा बाटो समात्न सक्छ भन्ने दृष्टान्त संसारभरि पाइन्छन्। यसको ज्यादा चर्चा गरिरहन आवश्यक छैन, किनकि यही दौरानमा कतिपय देशमा प्रणाली बदलिएका छन्। कतिपय राजनीतिक नेतृत्वको पतन भई नयाँ नेतृत्वको उदय भएको छ। हामी नेपाली समेत यसका भुक्तभोगी छौं। राष्ट्र निर्माणपश्चात् हामीले विभिन्न राजनीतिक प्रणालीको अनुभव गरिसकेका छौं। तर, जुनसुकै राजनीतिक प्रणाली अवलम्बन गरे पनि राज्यले जनअपेक्षालाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकेन भने त्यस समाजका बासिन्दाले निरन्तर प्रताडित हुनुपर्दोरहेछ। यसका हामी ज्वलन्त दृष्टान्त भएका छौं। यस विषयमा हाम्राबीच कुनै मतभेद छैन। यसबीच हामीले भोगेको दुःखको निकै अग्लो पहाड खडा भएको छ।

हामी कहाँ छौं भन्ने कुरा देश र विदेशमा समेत प्रधानमन्त्रीका बारेमा भइरहेका टीकाटिप्पणी र विरोधले देखाउँछन्। यतिखेर नेपाली समाजको अवस्था निकै तरल छ। भोलि के हुने हो भन्ने सन्त्रासमा नेपाली जनता छन्। लोकतन्त्र निकै अनुशासित राजनीतिक प्रणाली हो। यसले अराजकतालाई प्रोत्साहन दिँदैन। गैरजिम्मेवार अभिव्यक्ति र क्रियाकलाप यसका अंग होइनन्। तर, अहिले नेपालमा यही प्रवृत्ति मौलाएको छ। राजनीतिक दल र नेतृत्वप्रति चरम वितृष्णा छ। यस यथार्थप्रति नेतृत्व बेखबर छ वा नजरअन्दाज गरिरहेको छ। जिम्मेवार राजनीतिक दलहरूमा पर्याप्त आत्मविश्वास देखिँदैन। सरकार जनअनुमोदित छ। जनमतका दृष्टिले निकै बलियो पनि छ। देशलाई अल्पकालीन र दीर्घकालीन प्रभाव पार्ने जस्तासुकै सकारात्मक निर्णय लिन सक्ने हैसियत राख्छ। तर, सतहमा देखिएका कतिपय गैरजिम्मेवार घटनाहरूका कारण राष्ट्रको बहुमूल्य समय त्यसै खेर गइरहेको छ।

एक प्रकारले सरकार निकै अल्मलिएको देखिन्छ। राष्ट्रप्रतिको दायित्व र कर्तव्यबोधले ओतप्रोत भएर कार्यक्षेत्रमा डट्नुपर्नेमा तपशिलका सानामसिना झञ्झटमा रुमल्लिएको प्रतीत हुन्छ। सरकारसँग अबको कार्ययोजना र बाटो के हुने भन्ने मार्गचित्रको पूर्णतया अभाव देखिन्छ। आखिर यस्तो किन त ? चित्तबुझ्दो जवाफ कसैले दिन सक्दैन। सरकार त आफ्नो कार्यसूचीअनुसार चल्नुपर्ने होइन र ? तर, सरकार स्वयं अन्यौलपूर्ण मानसिकतामा देखिन्छ र नेपालले जुन राजनीतिक सिद्धान्त एवं प्रणाली अवलम्बन गरेको छ, सोहीबमोजिम दृढतापूर्वक चल्नुपर्छ भनेर बिर्सेको पाइन्छ। सरकार चलाइरहेका पात्रको दैनिकी परम्परागत र अनुत्पादक छ। जनसरोकारका मुद्दामा गहिरो अभिरुचि देखिँदैन। जनताले सरकार परिवर्तनको अनुभूति गर्न सकेका छैनन्। राज्यका उच्चपदस्थ व्यक्तिहरू आफ्नो जिम्मेवारीमा गम्भीर देखिँदैनन्। यो चालाले समाज कहाँ पुग्छ ?

यसले संसारका प्रख्यात कूटनीतिक व्यक्तित्व निकोलो मेकियाबेलीको स्मरण गराउँछ। आधुनिक राजनीतिक विज्ञानका संस्थापक मानिने मेकियाबेलीलाई उनको महान् ग्रन्थ 'द प्रिन्स'का कारण विद्वत् र सचेत जगतले राजनीतिक दार्शनिक र अब्बल कूटनीतिज्ञ मान्छ। यस सन्दर्भमा उनका कैयन् विचारलाई संसारले अनुशरण समेत गरेको छ। र, एकप्रकारले आफ्नो फाइदाका लागि राजनीतिज्ञहरूले जे गरेपनि हुन्छ भन्ने मान्यता हाम्रोजस्तो अल्पविकसित देशमा स्थापित भएको छ। उनका धेरै विचारमध्ये एउटा विचार विचित्रको छ। उनी भन्छन्– 'राजनीतिज्ञहरूले आफ्नो वास्तविक इरादालाई लुकाउनुपर्छ।' यो सामान्य भनाइ होइन र नेपालजस्ता देशका राजनीतिज्ञहरूको वास्तविक इरादा नेपाली जनताले थाहा पनि पाउँदैनन्। भन्नलाई एकथोक भन्छन्, तर गर्छन् अर्कै भन्ने छवि बनेको छ। के अहिलेको प्रवृत्ति यही विचारबाट निर्देशित छ त ? मेकियाबेली थप्छन्– 'राजनीतिज्ञहरूले दया, विश्वास, मानवता, स्पष्टता र धर्मको विरुद्धमा काम गर्नुपर्छ। राज्य सञ्चालन प्रेम भावले होइन, क्रुरतापूर्वक गर्नुपर्छ।' यी विचारहरू पूर्वीय सभ्यता र मानवताविरुद्ध परिलक्षित छन्। नेपालजस्ता देशले यस्तो विचार र प्रवृत्ति अनुशरण गर्नुहुँदैन। तर, यहाँ के भइरहेको छ त ? नेपालका राजनीतिज्ञहरू कुन बाटोमा हिँडेका छन् ?

हामीहरू पूर्वीय सभ्यता र वैदिक मान्यताका प्रबल पक्षधर र अनुयायी हौं। हाम्रो सिद्धान्तमा सेवा, परोपकार, अहिंसा, मानवता, दया र धर्मको प्रमुख स्थान छ। क्रुरता, हिंसा, भय, अमानवीय कर्म वा अधर्मको कुनै स्थान छैन। तर, अहिले प्रचलित हाम्रो राजनीतिका मुख्य अंग के-के हुन् त ? हामी कुन सिद्धान्त र मान्यताबाट निर्देशित छौं त ? गम्भीर प्रश्न उठेको छ। सरासर झुटो बोल्नु, जनतालाई ढाँट्नु र शक्तिको अपचलन गर्नुलाई हामी ठूलो बहादुरी ठान्छौं। राज्यको कानून व्यवस्थाको धज्जी उडाउनु र राज्य कोषको दुरुपयोग गर्नुलाई खुबी मान्छौं। हामीमा लोकलाज भन्ने कुनै तत्व छैन। निर्लज्ज भएर जथाभावी बोल्नु र कुकर्ममा दिलचस्पी राख्नु हाम्रो पहिचान बनेको छ। यसमा कसैले छेकबार लाउन नसक्नु निकै नै लज्जास्पद छ। के राज्यको शक्ति क्षीण भएको हो वा राजनीतिक नेतृत्वको नैतिक धरातल कमजोर भएको हो ? कतिपय सन्दर्भमा एकप्रकारले समाज व्यवस्था नै भताभुङ्ग र धराशायी हुने प्रकृतिका अभिव्यक्ति विद्यमान राज्य संस्थापनका कमजोर कार्यसम्पादनका परिणाम हुन् भनेर मात्र चित्त बुझाउन सकिँदैन। आत्मतुष्टि वा राजनीतिक स्वार्थका निम्ति देश र जनताको दीर्घकालीन हित र स्वार्थलाई दाउमा राख्न सकिँदैन। राजनीतिक दल र नेतृत्व जतिसुकै खराब भएपनि राजनीतिक प्रणालीको सुन्दर पक्षलाई लिलाम गर्न पनि सकिँदैन। यो सत्यलाई हामी सबैले आत्मसात गर्नुपर्दछ। हाम्रो दैनिकी पनि राज्यले नै धानिदेओस् भन्ने चिन्तन बोक्यौं भने हामी साँच्चै निकम्मा र अनुत्पादक बन्न पुग्छौं। यस्तो प्रवृत्तिलाई हामी कसैले प्रोत्साहन गर्नुहुँदैन।

हामी कहाँ छौं भन्ने कुरा देश र विदेशमा समेत प्रधानमन्त्रीका बारेमा भइरहेका टीकाटिप्पणी र विरोधले देखाउँछन्। यसमा दुईवटा पक्ष एकसाथ जोडिएका छन्। एक, नेपालको मौजुदा शासन प्रणालीलाई समाप्त पारेर मुलुकलाई प्रतिगमनतर्फ लैजान खोज्ने गैरलोकतान्त्रिक शक्तिले टाउको उठाउन खोजिरहेको छ र त्यसकै लागि मुलुकको कार्यकारी प्रमुखमाथि नै धावा बोल्ने काम चौतर्फी रूपमा भइरहेको छ। दुई, नेपालका राजनीतिक दलको नेतृत्व साँच्चै अलोकप्रिय छ र जतासुकै जनआक्रोशको सामना गरिरहेको छ। यसमा राजनीतिक दलहरूले गम्भीर समीक्षा गर्नुपर्छ। हामीले



गुरूराज घिमिरे

बुझ्नुपर्छ कि राजनीतिक नेतृत्वको विकल्प छ, तर राजनीतिक व्यवस्थाको छैन।

एउटा कुरा सत्य के हो भने हाम्रो चाल, चेहरा र चरित्रप्रति जनआक्रोश निकै नै छ। हामीले पटक्कै नयाँपन दिन सकेका छैनौं। हाम्रा जिम्मेवार व्यक्तिका क्रियाकलाप जनभावना अनुकूल छैनन्। सरकारी संयन्त्रहरू साँच्चै भ्रष्ट, निकम्मा र पङ्गु छन्। यिनीहरूबाट कसैले केही अपेक्षा नगरे पनि हुन्छ। राज्य दोहनमा सबै मस्त छन्। यसको कारण भने राजनीतिक नेतृत्व नै हो, जसले आफू निष्कलंक बसेर सम्पूर्ण राज्य संयन्त्रलाई प्रोत्साहित गर्नुपर्छ। यसको बदला सिद्धान्त र बोलीमा बाहेक कतै पनि स्वच्छता देखिँदैन। राज्यका मुख्य-मुख्य व्यक्तिहरू माथि नै दशथरि प्रश्न उठिरहेका छन्। जनताले यी सबै क्रियाकलापको सूक्ष्म मूल्यांकन गरिरहेको छ। तथापि प्रधानमन्त्रीमाथि नै सार्वजनिक हमला हुनु परिस्थितिको गम्भीर सूचक हो र यो राम्रो होइन। तर, यसले राजनीतिक नेतृत्वलाई सुध्रिनका लागि 'साइरन'वा जनाउ घण्टी बजाएको मान्ने हो भने सकारात्मक नै ठान्नु पनि पर्छ। विरोधमा उत्रने सबै लोकतन्त्रविरोधी मात्र छैनन्।

महाभारतमा एउटा प्रसंग छ- युद्धको सम्भावना बढ्दै गएपछि यसलाई रोक्न भगवान श्रीकृष्ण शान्तिदूतका रूपमा हस्तिनापुर दरबार पुग्छन् र राजसभामा धृतराष्ट्रसामु शान्ति प्रस्ताव राख्छन्। युद्ध रोक्न शान्ति प्रस्तावको विकल्प नभएको र यदि युद्ध भए त्यसको जवाफ स्वयं धृतराष्ट्रले दिनुपर्ने चेतावनी समेत दिन्छन्। पाण्डवका लागि इन्द्रप्रस्थ राज्य र त्यो नभए पाँच गाउँ माग्छन्। यी दुवै प्रस्ताव दुर्योधनले अस्वीकार गर्छन्। भीष्म पितामह, द्रोणाचार्य, कृपाचार्य, विदुर कसैको जोड चल्दैन। धृतराष्ट्र मौन बस्छन् र अन्ततः महाभारतको युद्ध भएरै छाड्छ। कौरव पक्षले सर्वस्व गुमाउँछ। यसको सम्पूर्ण दोष कृष्णले भनेझैं धृतराष्ट्रको थाप्लोमा जान्छ।

यस प्रसंगलाई यहाँ उल्लेख किन गरिएको हो भने सुध्रिने एवं सपार्ने ठाउँ र समय अझै छ। ठूलो जनमत आफैंसँग छ। मानव जीवनलाई सत्कर्मले सार्थक बनाउने हो, दर्जा, पदवी र ऐश्वर्यले होइन। जनआवाजलाई सुनेर काम गर्ने हो भने जनविरोधी शक्ति बिलाएर जान्छ। आफ्नोपन, स्वार्थ र अहंकार नछाड्ने हो भने शक्ति फैलिएर जान्छ। अन्ततः आउने पुस्ता र इतिहासले गर्ने अनेकौं प्रश्नको जवाफ धृतराष्ट्रको रूपमा हामीले दिनुपर्नेछ। मेकियाबेली सिद्धान्त र धृतराष्ट्र पथ विनाशको बाटो हो, हामीलाई सुहाउँदैन।

# युवा अवस्थामै मुटुरोगको सिकार

डा ओममूर्ति अनिल

विश्वमै मुटुरोगको जोखिम केही दशकयता बढ्दै ह्वात्तै बढेको छ। खासगरी युवा पुस्तामा कम उमेरमै मुटुरोगको समस्या बढ्दै गएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार ८० प्रतिशत बढी मुटुरोगका कारणले हुने मृत्यु नेपालजस्ता निम्न र मध्यम आय भएका राष्ट्रहरूमा हुने गर्दछन्। नेपाललगायतका दक्षिण एशियाली राष्ट्रहरूमा युवामा मुटुरोगको प्रकोप वर्षेनी बढ्दै गएको देखिन्छ।

केही वर्षअघिको तथ्यांकअनुसार विकसित राष्ट्रहरुमा हार्टअट्याक (हृदयाघात) हुने औसत उमेर ६० वर्ष भनेता पनि अविकसित राष्ट्रहरूमा १० वर्ष अगाडि हुने देखाएको छ। भारतमा हृदयाघात हुने औसत उमेर ५० वर्षको हाराहारीमा रहेको देखाएको छ भने दुई तिहाई मृत्यु कम उमेरका व्यक्तिहरूलाई हुने गरको अनुसन्धानबाट देखिन्छ। विश्वव्यापीरुपमै वातावरणीय प्रदूषणका कारण पनि मुटुरोग समस्या बढिरहेको पाइन्छ।

अस्वस्थ खानपिन, शारीरिक निष्क्रियता, मानसिक तनाव, मोटोपना, प्रश्षण र नियमित स्वास्थ्य जाँच नगर्नु, चुरोट र अत्यधिक मदिरा सेवन युवाहरूमा हुने मुटुरोगको प्रमुख कारणको रुपमा लिन सकिन्छ। धेरै चिल्लो, धेरै पिरो, धेरै गुलियो तथा गुलिया पेय पदार्थहरूको सेवन गर्ने चलनले पनि उच्च रक्तचापको समस्या बढेको विभिन्न अनुसन्धानहरूले पुष्टि गरेको छ। अधिकांश युवाहरूमा मुटुरोगप्रतिको सचेतना अझै आउन सकेको देखिँदैन। आधुनिकीकरणले अस्वस्थ जीवनशैली बढिरहेको देखिन्छ।

युवाहरूमा यो समस्या बढी देखिनुको मुख्य कारणहरुमा शारीरिक ब्यायाम नगर्ने, मदिरा चुरोटको सेवन बढ़ी गर्ने, स्वास्थ्य जाँच नगर्ने, औषधि खाना नचाहने आदि प्रमुख कारण हुन्। युवाहरु मानसिक तनावको शिकार पनि बढ़ी भएको र यसले पनि मुटुरोगको समस्यालाई बढाएको देखिन्छ। अध्ययन अनुसन्धानले ९० प्रतिशत हृदयघात रोकथाम गर्न मिल्ने बताउँछ। आजको परिस्थितिमा युवाहरुले मुटुरोग र हृदयघातबाट बच्न लिनुपर्ने निम्न पाँच व्यावहारिक सावधानीहरूमा ध्यान दिनु आवश्यक छ।

**स्वस्थ देखिएमा पनि जाँच गर्न जरुरी**

अधिकांश युवाहरूमा कुनै न कुनै किसिमको मुटुरोगका कारणहरू अदृश्य रूपमा रहेको १० वर्ष अगाडि गरिएको अनुसन्धानमा देखिएको थियो।। अनुसन्धानको क्रममा अधिकांश युवाहरूले मलाई मुटुरोगको कुनै लक्षण नै छैन, किन जाँच गर्नुपर्‍यो भन्ने धारणा राखेका थिए। त्यही गलत धारणा र भ्रममा पर्दा समयमै आफस्भित्र उक्त रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रलजस्ता समस्याहरू भएको थाहा पाउन सकेनन् र पछि एक्कासी जटिल समस्या भोग्नुपरेको देखिन्छ। त्यसैले समय अनुकूल बाहिर केही रोगको लक्षण नदेखिए तापनि स्वास्थ्य जाँच गरेकामा मुटु रोगको जटिलताबाट बच्न सकिन्छ।

समय समयमा आफ्नो रक्तचाप, चिनीरोग र कोलेस्ट्रोलको स्तर नाप्ने गर्नुपर्छ। यसको लागि धेरै खर्च पनि गर्नु पर्दै। सामान्यतया एक हजार रुपैयाँ खर्च गरे पुग्छ। यदि यी मुटुरोगका कारणहरू अलि बोर्डर मा छ भने जीवनशैलीमा व्यापक परिवर्तन गर्नुपर्छ र नियमित अनुगमन गरिराख्नु पर्छ।

**औषधि प्रयोगको महत्व**

हाम्रो अनुभवमा सहरी भेगमा बसोबास गर्ने ४० वर्षमुनिका युवाहरूमा मुटुरोगका कारणका लागि औषधिको सेवन गर्नुपर्ने देखिन्छ तर यति कम उमेरमा औषधि सेवन गर्न हुन्न भन्ने भ्रममा परी चिकित्सकको सल्लाह विपरीत औषधि सेवन नगरेर स्वास्थ्य दुर्घटना हुने गरेको पाइन्छ। समयमै औषधिको प्रयोग महत्व बुझी यस्ता दुर्घटनाबाट जोगिन सकिन्छ। औषधिको साइडइफेक्टको बारेमा भ्रम पालेर चाहिने अवस्थामा पनि सेवन नगरी हताहत भएको रोगले युवा अवस्थामै जटिलतामा प्रवेश गरेको अनेकौं उदाहरण छन्।

**चुरोट**

हाम्रो समाजमा असत्त्य युवा चुरोटको सेवन गर्दछन्। चुरोटको कुल तुरुन्तै केही हानि गरेको नदेखेता पनि यसले अदृश्य रुपमा मुटुमा असर गरिरहेको हुन्छ। एक/दुई खिल्लीले पनि पछि गएर मुटु रोगको जोखिम निम्त्याउन सक्ने तथ्यबाट अभिज्ञ भएको देखिन्छ। युवाहरूमा हृदयघातको प्रमुख कारण चुरोट मानिन्छ। त्यसैले समयमै चुरोट त्याग्नु जरुरी छ। चुरोट त्यागेको केही समयभित्र यसको दुष्प्रभाव घट्ने अनुसन्धानहरुले देखाएको छ। प्रेरणाको कमीले थाहा भएर पनी चुरोट त्याग्न नसकेका धेरै छन्।

**तयारी (पत्रु) खाना**

बिग्रिँदो जीवनशैलीले गर्दा अधिकांश युवाहरूमा जंकफुट/फास्टफुड अर्थात तयारी (पत्रु) खाना र घर बाहिरको खाने गरेको देखिन्छ। इच्छा वा बाध्यताले जेले भएपनि यसको दुर्गामी असरबाट बच्न गाह्रो छ। दुर्भाग्यबस अधिकांश युवाले फास्टफुडको सेवनले स्वास्थ्य र मुटु रोगको प्रकोपलाई नजरअन्दाज गरेको देखिन्छ। समयमै यस्तो खालको खाद्य संस्कृतिमा सुधार गरी आफ्नै घरमा बनाएको स्वस्थकर खाना खाने संस्कार विकास गर्नु आवश्यक छ। प्राकृतिक रुपमा उत्पादन भएका र घरको खानालाई प्रवर्द्धन गर्न सकिएमा मुटुरोगको समस्या धेरै हदसम्म कम हुन जान्छ। प्रमुख प्रशोधित खानेकुरामा बिस्कुट, चाउचाउ, पाउरोटी, केक, पेस्ट्रिज, पिँजा, बर्गर, ससेज, आइसक्रिम, दुनोट, फ्राइड चिकन, हेम बर्गर, चिप्स, चकलेट, जुस, कोल्डड्रिङ्क्स आदि पर्छ।

**व्यायामको महत्व**

बिरामी व्यक्ति, औषधि सेवन गर्ने व्यक्ति र वृद्ध व्यक्तिले मात्र बिहानको हिँडाइ वा नियमित व्यायाम गर्नुपर्ने जनधारणा भएको हामी पाउँछौं। त्यसैले होला आधुनिक युगमा शारीरिक रूपमा निष्क्रिय र मोटोपनको शिकार भएका विचार किशोर र युवाहरूको संख्या बढ्दै गएको देखिन्छ। आधुनिकताले निकट भविष्यमा यसके संख्या घट्ने देखिदैन। युवाले २० वर्ष वा कम उमेरदेखि नै आफूलाई नियमित शारीरिक व्यायाममा संलग्न गरी जीवनशैलीको एउटा महत्वपूर्ण अंगको रूपमा शारीरिक गतिविधिलाई अवलम्बन गरी विभिन्न किसिमका दीर्घ रोग र औषधि उपचारबाट बच्न सकिन्छ। एउटा स्वस्थ्य व्यक्तिले दैनिक ३० मिनेटभन्दा बढ़ी सक्रिय ब्यायाम गर्नपर्छ। बढ़ी गर्न सके अझ राम्रो मानिन्छ।

कुनै प्रकारको नियमित शारीरिक गतिविधिमा आफूलाई संलग्न गर्नुपर्छ। खेलकूद, साइकल, पौड़ी, योगा, अभ्यास, जुम्बा आदि जे गरे पनि हन्छ। आफ्नो परिस्थिति अनुकूल ब्यायाम रोज्न सक्नुपर्छ। मुटु रोगको थालनी पहिले ४० वर्षमै भइसक्ने विभिन्न अध्ययन अनुसन्धानले देखाउँछ। पहिले ४० वर्षमै मुटु रोगको कारणलाई जीवनशैली र आवश्यकता परे चिकित्सकको परामर्श अनुसार औषधिको सेवन गरेर असामयिक मुटु रोग र त्यसबाट हुने आर्थिक, शारीरिक, मानसिक, पारिवारिक, सामाजिक क्षतिबाट आफूलाई जोगाउन सकिन्छ।

अन्त्यमा, रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु बुद्धिमानी हुने भएकाले यसतर्फ सबै सचेत हुन आवश्यक छ। स्वस्थ आहार र व्यायामले नै शरीरका अङ्गहरूलाई स्वस्थ राख्न मद्दत गर्दछ। वनस्पतिबाट प्राप्त हुने प्राकृतिक खानेकुराहरूलाई स्वस्थ आहार भनिन्छ। फलफूल र सागसब्जीमा भएको भिटामिन, मिनरल्स, फाइबर र अन्य पदार्थहरूले रक्तनली, मुटु र मस्तिष्कलाई स्वस्थ राख्छ। फलफूल र सागसब्जीमा पाइने भिटामिनहरूले हाम्रो रोग निरोधक क्षमतालाई बढाउँछ र सङ्क्रमण हुनबाट बचाउँछ। त्यसैले बजारमा पाइने तयारी खानेकुरा, विलासी जीवनशैली र मानसिक तनाबबाट मुक्त हुनु नै निरोगी र दीर्घजीवी बन्ने उपाय हो। *(लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन्)*

मंगलमय शुभकामना
बडा दशैं, शुभदीपावली तथा छठ पर्व–२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना।
इन्टरनेशनल स्टुडेन्ट्स् प्यारेन्ट वेलफेयर सेन्टर नेपाल परिवार
काठमाडौं–११, बबरमहल

मंगलमय शुभकामना
बडा दशैं, शुभदीपावली तथा छठ पर्व–२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना।
परिवर्तन कानूनी केन्द्र प्रा.लि. परिवार
काठमाडौं–११, बबरमहल

मंगलमय शुभकामना
बडा दशैं, शुभदीपावली तथा छठ पर्व–२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना।
एच.आर.क्यापिटल नेपाल परिवार
काठमाडौं–३, महाराजगञ्ज



कौशलकुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाताः आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजकः एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुखः स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोनः ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## भुटानमा 'राजा' को भव्य स्वागत



काठमाडौं/ तात्कालीन राजा ज्ञानेन्द्र शाहलाई भुटानमा भव्य स्वागत गरिएको छ। परिवारका सदस्यसहित भुटान भ्रमणमा रहनु भएका शाहलाई भुटानी राजकुमारीले विमानस्थलमै स्वागत गरेकी थिइन्।

'राजा' सँगै उहाँकी छोरी प्रेरणा तथा पारिवारिक सदस्यहरु शिताष्मा शाह, राजेश सिंह र स्वकीय सचिव सागर तिमल्सिना भुटान पुगेका हुन्। निजी भ्रमण बताइएको उक्त भ्रमणको अवधिमा उहाँहरुले भुटानको धार्मिक क्षेत्र भ्रमण गर्ने बताइएको छ। यसैगरी विभिन्न व्यक्तित्वहरुसँग भेटघाट गरी 'राजा' को टोली आइतबार नेपाल फर्कने स्वकीय सचिव तिमल्सिनाले जानकारी दिनु भयो। राजतन्त्रात्मक व्यवस्था रहेको भुटानमा 'राजा' को यो भ्रमणलाई राजनीतिकवृत्तमा अर्थपूर्ण रुपमा हेरिएको छ।

## बंगलादेशी नागरिक पक्राउ

काठमाडौं/ नेपालमा गैरकानूनी रूपमा बस्दै आएका १५ जना बंगलादेशी नागरिकलाई नेपाल प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले प्रवेशाज्ञा सकिएपछि पनि गैरकानूनी तवरले नेपालमा बसिरहेका उनीहरुलाई पक्राउ गरेको हो।

उनीहरु शंकास्पद गतिविधिहरुमा समेत संलग्न रहेको सूचनाको आधारमा उनीहरुमाथि निगरानी बढाइएको थियो। प्रहरीको विशेष टोलीले ठमेल तथा सोह्रखुट्टे क्षेत्रबाट उनीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेकाहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि अध्यागमन विभाग पठाइएको बताइएको छ।

## फरवार्ड माइक्रोफाइनान्स लाभांश वितरणमा

सुनसरी/ फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाले शेयरधनीहरुलाई लाभांश वितरण गर्ने भएको छ। संस्थाले १४ प्रतिशत लाभांश वितरण गर्ने जनाएको छ। कम्पनीको मंगलबार बसेको सञ्चालक समितिको बैठकले १३.३० प्रतिशत बोनस शेयर र कर प्रयोजनको लागि ०.७० प्रतिशत नगद गरी कुल १४ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको संस्थाले जनाएको छ।प्रस्तावित लाभांश नियामक निकाय नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि शेयरधनीहरूले पाउनेछन्।

ग्रामीण अर्थतन्त्रलाई चलायमान गराउन र महिलालाई आत्मनिर्भरतातर्फ जोड्न फरवार्डले गाउँगाउँमा पुँजी पुऱ्याउँदै आएको जनाइएको छ। संस्थाले देशका ४० जिल्लाहरुमा आफ्नो शाखा सञ्जाल फैलाएको छ। संस्थामा करिब तीन लाख महिला सदस्यहरु रहेको संस्थाले जनाएको छ। सुनसरीको दुहवीमा प्रधान कार्यालय रहेको संस्थाको हाल चुक्तापुँजी एक अर्ब पाँच करोड ५५ लाख रूपियाँ रहेको छ।

JANASHAKTI
By HR Capital Nepal

# देउवा–शेखर गठजोडले झस्किएको इतरसमूह

**शिव लम्साल**

कांग्रेस सभापति शेरबहादुर देउवाले १५औं महाधिवेशन एक वर्ष पर सार्लान् कि समयमै सम्पन्न गर्लान् ? यो चासोको विषय बनेको छ। के उनी विधान संशोधन गरेर फेरि सभापति बन्लान् ? या, इमानदारीपूर्वक निर्धारित समयभित्र महाधिवेशन सम्पन्न गराएर अर्को पुस्तालाई नेतृत्व हस्तान्तरण गर्लान् ? नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताबिच यस्ता प्रश्न उठिरहेका रहेका छन्।

अर्को कुरा, आउँदो महाधिवेशनमा सभापति देउवाले कसलाई साथ लिएर हिँड्दै छन् भन्ने कुराले महत्त्व राख्नेछ। उनी आफू इच्छुक नभए पनि पत्नी आरजु राणालाई पार्टीभित्रको व्यवस्थापनलाई मध्यनजर गरेर अर्को पक्षसँग सहकार्य गर्नेछन्। अहिले उनको कसैप्रति स्पष्ट समर्थन नदेखिए पनि वरिष्ठ नेता डा. शेखर कोइराला वा पार्टी महामन्त्री गगन थापामध्ये एक जनालाई साथमा लिएर जाने देखिन्छ।

अझ स्पष्ट भाषामा भन्नुपर्दा १४औं महाधिवेशनका आफ्ना प्रतिस्प्रर्धी डा. शेखर कोइरालालाई साथमा लिएर जानेमा उनी विश्वस्त देखिन्छन्। किनभने, शेखर कोइरालाको नेतृत्वमा उनलाई पत्नी आरजु राणा लगायत आफ्ना टिमका सिनियर नेता अटाउन सजिलो हुनेछ। देउवाले गगन थापालाई साथमा लिएर गए भने पत्नी आरजु राणाको त व्यवस्थापन होला, तर उनीसँग रहेका सिनियर नेताहरूको व्यवस्थापन भने निकै कठिन हुनेछ। देउवा टिमका सिनियर नेताहरू शेखर समूहमा आउने र देउवा एक्लिने सम्भावना उत्तिकै छ।

देउवालाई जान्ने-बुझ्नेहरू भन्छन्, सभापतिका लागि पार्टीमा जति धेरै दाबेदार भए, देउवालाई उति फाइदा हुन्छ। किनकि ती हरेक दाबेदारलाई खेलाइखेलाई उनले राजनीतिमा आफ्नो आगामी स्वार्थ स्थापित गर्न सक्नेछन्।

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा देउवा पुनः पार्टी सभापतिका लागि उम्मेदवार बन्न नपाउने विधानमा व्यवस्था छ। विधान अनुसार लगातार दुई कार्यकालभन्दा बढी सभापति बन्न पाइँदैन। ७८ वर्षीया देउवाको कार्यकाल २०८२ मंसिरसम्म मात्र हो। देउवालाई जान्ने-बुझ्नेहरू भन्छन्, सभापतिका लागि पार्टीमा जति धेरै दाबेदार भए, देउवालाई उति फाइदा हुन्छ। किनकि ती हरेक दाबेदारलाई खेलाइखेलाई उनले राजनीतिमा आफ्नो आगामी स्वार्थ स्थापित गर्न सक्नेछन्।

ओलीले धोकाधडी गरेनन् भने सर्तबमोजिम चुनाव गराउने सरकारमा देउवा प्रधानमन्त्री भइहाल्नेछन्। पार्टीभित्र पनि अब यो मामिलामा कुनै विवाद देखिँदैन। सभापति नहुने भएपछि राजनीतिमा अब देउवाको चाहना या स्वार्थ के होला त ? यसको एउटै जवाफ हुन्छ– पार्टी र सत्ता राजनीतिमा पत्नी आरजु राणाको उचित व्यवस्थापन।

**सत्ताका चतुर खेलाडी देउवा**

सभापति देउवा झट्ट हेर्दा चतुर राजनीतिज्ञजस्ता देखिँदैनन्। उनी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल या एमाले अध्यक्ष केपी ओलीजस्ता भाषणबाज पनि होइनन्। हरेक दिनजसो टेलिभिजन या युट्युब च्यानलमा अन्तर्वार्ता दिँदै हिँड्ने र विरोधीमाथि आरोप वा प्रत्यारोप गर्ने खालका 'मुखाले' नेता पनि होइनन्।

सामान्य, सोझा र सरलजस्ता देखिने देउवा राजनीतिक चातुर्य र कूटनीतिमा भने माहिर छन्। प्रतिकूल परिस्थितिलाई पनि आफ्नो अनकूल बनाउन सक्ने अद्भुत कला उनीमा देखिन्छ र त उनी बारम्बार सत्ता राजनीतिमा हाबी हुँदै आएका छन्।

१४औं महाधिवेशनमा कृष्ण सिटौलालाई आफ्नो पक्षमा ल्याए। आफ्नैविरुद्ध खडा भएका रामचन्द्र पौडेल र डा. शशांक कोइरालाको समेत समर्थ हासिल गरे। आफूलाई चुनौती दिने इतरसमूह का प्रकाशमान सिंहदेखि विमलेन्द्र निधिसम्मलाई उनले आफ्नै पक्षमा ल्याए।

पार्टी सभापति भएपछि देउवाले इतरपक्षलाई या सन्तुलनमा ल्याउने या यसका नेतालाई 'मिल्न नदिने' चातुर्य देखाउँदै आएका छन्। देउवाले आगामी महाधिवेशनमा सभापतिको उम्मेदवार नबन्ने सार्वजनिक रूपमा घोषणा गरेयता देउवा र डा. शेखर कोइरालाको दूरी घटेको छ। सभापतिका प्रबल दाबेदार शेखर पनि देउवाको साथ र समर्थनको अपेक्षा गरिरहेका छन्।

सभापति देउवाले पनि शेखरप्रति उदार भाव दशाईरहेका छन् भन्ने उदाहरण हो, कोइराला समूहबाट धनराज गुरुङलाई कानुनमन्त्री र डिकबहादुर लिम्बुलाई खेलकुदमन्त्री बनाइनु। यही निकटताका कारण देउवा र र शेखर सार्वजनिक समारोहमा एक साथ सहभागी हुन थालेका छन्, जुन केही समय अघिसम्म असम्भव मानिन्थ्यो। पार्टी केन्द्रीय कार्यालयमा शेखरको बेग्लै कार्यकक्षको व्यवस्था मिलाइएको छ। देउवा र शेखरबिच केही समययता खासै तिक्तता देखिँदैन।

सभापति नहुने भएपछि राजनीतिमा अब देउवाको चाहना या स्वार्थ के होला त ? यसको एउटै जवाफ हुन्छ– पार्टी र सत्ता राजनीतिमा पत्नी आरजु राणाको उचित व्यवस्थापन।

शेखरसँग देउवाको यस्तो निकटताको सोझो असर महामन्त्री गगन थापालाई पर्ने नै भयो। शेखरको सहयोगमा आफू सभापति बन्ने ताकमा रहेका महामन्त्री थापाले देउवा-शेखर निकटतापछि नै आक्रोशका स्वर उराल्न थालेको देखिन्छ। संसददेखि सार्वजनिक समारोहमा महामन्त्री थापाले कांग्रेस-एमाले गठबन्धनको सरकार र आफ्नै नेतृत्वविरुद्ध कटाक्ष गर्न थाले। उनी आक्रामक देखिए।

आफूविरुद्ध आक्रामक भएका महामन्त्री थापालाई थुमथुम्याउन अचेल सभापति देउवाको निकै जोडबल देखिन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने संलग्न भएको सहकारी ठगी प्रकरणबारे सार्वजनिक रूपमा बोल्दै देउवाले 'हाम्रा महामन्त्रीले भनेको ठिकै रहेछ, रवि त चलाख रहेछन्'सम्म भने। यसैगरी महामन्त्री थापाले भने अनुसार नै पार्टीले धेरै महत्त्वपूर्ण निर्णय गरेको छ। महामन्त्री थापालाई फकाउने, आक्रामक बन्न नदिने देउवाको दाउ हो।

सभापतिका अर्का दाबेदार डा. शशांक कोइरालालाई पनि सभापति देउवाले उपेक्षा गर्ने कुरै आएन। १४औं महाधिवेशनमा आफूलाई साथ दिएका शशांकलाई पनि देउवाले आफू निकट नै राखेका छन्। गएको महाधिवेशनताका देउवाले 'यो पार्टी बीपीले बनाएको हो, मैले छाड्नुपर्दा बीपीकै छोरालाई छाड्ने हो' भनेका थिए। यही वाक्यको हवाला दिँदै हालै एक दैनिक पत्रिकाको अन्तर्वार्तामा शशांक स्वयंले देउवाको उत्तराधिकारी आफू नै भएको दाबी गरेका छन्।

शेखरदेखि गगन हुँदै शशांकसम्मलाई फकाउँदै र उनीहरूबिचको स्वार्थमा खेल्दै सभापति देउवाले पार्टी र सत्ता राजनीतिमा आफ्नो वर्चस्वलाई निरन्नता दिने चातुर्य देखाएकै हुन्।

देउवाले यस्तो चातुर्य देखाइरहेकै बेला नेपाली कांग्रेसका नेतात्रय प्रकाशमान सिंह, शशांक कोइराला र विमलेन्द्र निधिले हालै भेटवार्ता गरेर कांग्रेसमा नयाँ तरंग ल्याएका छन्। शशांकले आयोजना गरेको सो भेटवार्ता १५औं महाधिवेशनमै केन्द्रित थियो।

आगामी महाधिवेशनमा सभापतिका प्रबल दाबेदार एवं कांग्रेसका महान् दिवंगत तीन नेता बीपी कोइराला, गणेशमान सिंह र महेन्द्रनारायण निधिका पुत्रहरूबिचको यो भेटवार्तालाई अर्थपूर्ण मानिएको छ। १४औं महाधिवेशनमा प्रकाशमान र विमलेन्द्र पहिलो चरणमा सभापतिमा खडा भएका थिए, तर कसैले ५० प्रतिशत मत नल्याएपछि दोस्रो चरणमा यी दुवै नेताले शेरबहादुर देउवालाई समर्थन गरेका थिए। शशांकले पनि उतिबेला देउवालाई नै समर्थन गरेका थिए।

अब देउवा सभापतिमा खडा नहुने भएकाले सभापतिका आकांक्षी यी तीन नेताले के गर्लान् भन्ने कुतूहलता छ। सभापति देउवाले 'बिपीका छोरालाई छाडछु' भनेको सन्दर्भमा बीपीका छोरा शशांकले आफ्ना प्रतिस्पर्धी नेतालाई घरमै डाकेर वार्ता गरेपछि कतै देउवाले शशांकलाई नै सभापति बनाउने त हैनन् ? भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ।

अर्कोतिर कोइराला परिवारभित्र पनि यसपालि कोइराला परिवारबाटै सभापति बनाउने लबिङ प्रारम्भ भएको छ। देउवा अघिका सभापति सुशील कोइरालापछि कांग्रेस नेतृत्वबाट कोइराला परिवार च्युत भएकाले त्यसको पुनर्स्थापनाको पहल पनि गिरिजाप्रसाद कोइरालाकी पुत्री एवं नेतृ सुजाता कोइरालाबाट भएको छ। कोइराला परिवारका शेखर, शशांक र सुजाताबिच यसबारे समझदारी भएको एकथरीको दाबी छ।

कोइराला परिवार वृत्तका केही नेताले बताए अनुसार सभापति देउवा प्रधानमन्त्री भएपछि सुजातालाई सरकारमा प्रतिनिधित्व गराउने, १५औं महाधिवेशनमा शशांकलाई सभापति बनाउने र २०८४ को चुनावपछि शेखर कोइरालालाई प्रधानमन्त्री बनाउने सहमति कोइराला कोटरीमा भएको चर्चा छ।

**देउवापछि आरजु शक्तिशाली**

१४औं महाधिवेशनपछि बनेको देउवा टिम १५औं मा आएर विघटन हुनेछ। टिमभित्र देउवाको उत्तराधिकारी को भन्नेमा ठुलो विवाद चलिरहेको छ। पार्टी उपसभापति पूर्णबहादुर खड्काले आफूलाई टिमको नेता दाबी गरे पनि सभापति देउवाले उनलाई विश्वास गर्न छाडेपछि उनी उक्लिएका छन्। देउवा टिममा बलियो नेताका रूपमा रहेका बालकृष्ण खाँण भुटानी शरणार्थी प्रकरणपछि अर्को बलियो पात्रको खोजी भइरहेको थियो, तर देउवा पत्नी आरजु राणालाई सरकारमा परराष्ट्रमन्त्री बनाउनु, खाँण मूलराजनीतिबाट बाहिरिनु, खड्का टिममा एक्लिनुजस्ता पछिल्ला घटना क्रमले देउवा टिममा आरजुको उदय भएको मान्न सकिन्छ।

अहिले आएर नेपाली कांग्रेसमा कसैले चाहेर या नचाहेर डा. आरजु राणाको सशक्त हस्तक्षेप भइसकेको छ। पार्टीमा मात्र होइन, राष्ट्रिय राजनीतिमा पनि उनको 'ड्यासिङ पर्सनालिटी' बनेको छ। अहिलेको सत्ता गठबन्धन निर्माणमा परोक्ष वा अपरोक्ष रूपमा राणाको भूमिका महत्त्वपूर्ण रहेको तथ्य स्पष्टै छ।

परराष्ट्रमन्त्रीका रूपमा राणाको भूमिका हालसम्म सफल नै देखिन्छ। खोट लगाउनुपर्ने कुनै ठाउँ देखिँदैन। संयुक्त राष्ट्रसंघको महासभामा नेपाली प्रतिनिधिमण्डलको सहभागिता, नेपालका प्रधानमन्त्रीसँग अमेरिकी राष्ट्रपति जो बाइडेन र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी लगायत विभिन्न देशका प्रतिनिधिसँग भेटघाट र यसमा परराष्ट्रमन्त्री राणाको 'फर्ममेन्स'लाई सकारात्मक रूपमै लिनुपर्छ। अर्थात् राष्ट्रिय या अन्तर्राष्ट्रिय भूमिकामा राणाले आफूलाई सक्रिय, सक्षम र 'बोल्ड' साबित गरिसकेकी छिन्, भलै कतिपय कोणबाट आलोचना वा कटाक्ष हुने गरेकै किन नहोस्।

सभापति देउवा पत्नी आरजु राणाको राजनीतिक यात्राको सम्भावनालाई अझ शिखरमा पुऱ्याउन चाहन्छन्। पार्टीमा राणाको सम्मानजनक हैसियत र व्यवस्थापन होस्, सत्ता राजनीतिमा अहिलेझैं उन्नतिका पाइलामा कुनै अवरोध खडा नहोस् र देशकै प्रथम महिला प्रधानमन्त्री बन्नेसम्मको सफलता उनले हासिल गरून् भन्ने सभापति देउवाको चाहना हुन सक्छ। यो अनुचित पनि त होइन।

एक वर्षपछि हुने कांग्रेस महाधिवेशनमा सभापतिका अनेकौं दाबेदारहरूको रस्साकस्सीलाई उपयोग गर्दै पत्नी राणालाई कांग्रेस नेतृत्वमा गहन जिम्मेवारीका साथ पदाधिकारी तहसम्म लैजानु नै देउवाको अबको रणनीति हुन सक्छ। यसकै लागि उनले कांग्रेसका सबै गुट र समूहबिच खेल्ने तौर-तरिका अपनाएको देखिन्छ। यो चातुर्यमा उनी कति सफल होलान्, त्यो त आगामी दिनमा देखिनेछ।

मंगलमय शुभकामना

बडा दशैं, शुभदीपावली तथा छठ पर्व–२०८१ को पावन अवसरमा समस्त ग्राहकवर्ग, विज्ञापनदाता देश विदेशमा बस्नु हुने नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक नयाँ विमर्श
Naya Bimarsha Weekly
परिवार

अब हाम्रो भेट आगामी २०८१/०७/०२ गते हुनेछ।

मंगलमय शुभकामना

बडा दशैं, शुभदीपावली तथा छठ पर्व–२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना

अग्लेश्वरी निर्माण सेवा प्रा.लि.परिवार
काठमाडौं–११, बबरमहल

मंगलमय शुभकामना

बडा दशैं, शुभदीपावली तथा छठ पर्व–२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना।

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.परिवार
काठमाडौं–११, बबरमहल

# सिटिजन्स डिजिटल महिना, प्रत्येक कारोबारमा 'क्यासब्याक'

काठमाडौं। कोरोना महामारीपछि डिजिटलाइजेशनले ठूलो फड्को मार्‍यो। विगतमा कुनै बैठक तथा छलफल गर्नुपर्‍यो भने भौतिक उपस्थिति अनिवार्य थियो। तर, पछिल्लो समय जुम, टिमलगायत विभिन्न अनलाइन माध्यमबाट सामूहिक छलफल हुँदै गरेका छन्। डिजिटल माध्यमको विकासले लागतसँगै समयको पनि बचत भएको छ। डिजिटलको भ्यालू दिनप्रतिदिन बढ्दै गएपछि बैंकहरू पनि यसतर्फ मोडिएका छन्।

पछिल्लो समय बैंकिङ क्षेत्रमा कुनै पनि काम गर्नुपर्दा डिजिटल माध्यमलाई पहिलो प्राथमिकतामा राख्ने गरेका छन्। बैंकको आन्तरिक प्रणालीमा भइरहने कागज प्रिन्टदेखि डकुमेन्टमा हस्ताक्षरका काम डिजिटलबाटै हुन थालेका छन्। जबकि विगतमा कुनै डकुमेन्टमा हस्ताक्षर गर्नुपर्‍यो भने शाखा कार्यालयबाट केन्द्रीय कार्यालयमा पुग्नपर्ने बाध्यता थियो। तर, त्यो झण्झटबाट मुक्त हुँदै शाखा कार्यालयबाटै आन्तरिक काम पनि भइरहेका छन्। जसको प्रभाव बैंकको लागत र समयमा परेको देखिन्छ।

साथै कुनै ऋणीलाई कर्जा चाहिएमा बैंकको शाखा कार्यालयमा जानुपर्ने अवस्था पनि निरन्तर कम भइरहेको छ। बैंकले कर्जा प्रवाह प्रक्रियामा ठूलो लगानी गरेर सफ्टवेयर सञ्चालनमा ल्याएको छ। कर्जासम्बन्धि सबै काम पनि डिजिटल माध्यमबाट हुने गरेको छ। ग्राहकलाई पनि डिजिटलमा रूपान्तरण गर्न बैंकले धेरै काम गरिरहेको छ। ग्राहकले बैंकमा नआई घरबाटै सेवा लिन सकिने गरी बैंकका प्रणाली डिजिटलाइजेशन भएका छन्।

ग्राहकलाई डिजिटल कारोबारमा प्रोत्साहित गर्न सिटिजन बैंकले असोज महिनामा बृहत्तर योजना ल्याएको छ 'सिटिजन्स डिजिटल महिना अर्थात सिटिजन्स डिजिटल मन्थ'। बैंकका डिपोजिट मार्केटिङ हेड पारस विक्रम थापाका अनुसार डिजिटल प्रमोनसनका लागि बैंकले लाखौं रुपैयाँ बजेट छुट्याएको छ। 'बैंकका ग्राहकलाई डिजिटल कारोबारमा बानी बसाल्ने मुख्य उद्देश्य हो, निक्षेप संकलनका लागि मात्रै नभई ग्राहकलाई डिजिटलमैत्री बनाउन पनि अफर ल्याएका हौं,' उनले भने।

खाता खोलेपछि डिजिटलबाट कारोबार गराउने उद्देश्य बैंकको रहेको थापाको भनाइ छ। उनका अनुसार १८ लाख खाता छन्। तर, सबै खातामा सक्रिय कारोबार भइरहेका छैन। त्यसैले डिजिटल




कारोबारमा प्रोत्साहन गर्न डिजिटल मन्थ योजना ल्याएको उनले बताए। सिटिजन्स बैंकमा ७५ प्रतिशत कारोबार डिजिटल माध्यमबाट हुने गरेको उनले जानकारी दिए।

'यी योजना निरन्तर चलिरहन्छन्। तर, क्यासब्याकको सुविधा भने असोजमा मात्रै हो। यस्ता अफरहरू अन्य चाडपर्वको समयमा पनि ल्याउँछौं, लगत्तै तिहारमा पनि अन्य अफर आउन सक्छन्,' थापाले भने।

**डिजिटल लन्ज**

बैंकले केन्द्रीय कार्यालयमा स्मार्ट हब सञ्चालनमा ल्याएको छ। जसमा एटीएम मेसिन, क्यास डिपोपजट मेसिन र चेक डिपोजिट मेसिन सञ्चालनमा छन्। चेक डिपोजिट र क्यास डिपोजिट गर्न अब काउन्टरमा लाइन लागिरहनु पर्दैन। यी मेसिन २४औं घण्टा खुला रहन्छन्। जतिबेला ग्राहकलाई सहज हुन्छ त्यही बेला गएर चेक र क्यास डिपोजिट गर्न सकिन्छ। क्यास डिपोजिट भने ५ सय र १ हजार रुपैयाँका नोट मात्रै जम्मा गर्न सकिन्छ।

दशैं क्याम्पेन

दशैंको समयमा अधिकांश मान्छे कर्मभूमि छाडेर जन्म घर जान्छन्। बैंकले दशैंमा मोबाइल बैंकिङ प्रयोग गरेर हवाईजहाजको टिकट काट्दा ४ सय रुपैयाँ फिर्ता दिने भएको छ। 'दशैंको लहर, सिटिजन्ससँग घर जाने रहर' नाराका साथ यो अफर ल्याएको हो। उक्त अफर असोज ६ गतेदेखि लागू भएर असोज १७ गतेसम्म कायम रहने थापाले बताए।

**सिटिजन्स डिजिटल दक्षिणा**

विगतमा नेपाल राष्ट्र बैंकले दशैंमा नयाँ नोट वितरण गर्थ्यो। तर, यसपटक भने राष्ट्र बैंकले नयाँ नोट वितरण नगर्ने भएको छ। त्यसैले बैंकले डिजिटल माध्यमबाटै दक्षिणा दिन प्रोत्साहित गर्न डिजिटल दक्षिणा योजना ल्याएको हो। मोबाइल बैंकबाट क्यूआर स्क्यान गरी दक्षिणा दिँदा १ सय रुपैयाँ फिर्ता पाउनेछन्। तर, दक्षिणा रकम भने न्यूनतम ५ सय रुपैयाँ हुनुपर्नेछ। जस्तो सिटिजन्स बैंकको मोबाइल बैंकिङबाट ५ सय रुपैयाँ दक्षिणा दियो भने १ सय रुपैयाँ फिर्ता पाइनेछ। यो अफर टीकाको दिनदेखि सुरु भएर दशैं नसकिँदासम्म सञ्चालन रहने मार्केटिङ हेड थापाको भनाइ छ।

**मोबाइल बैंकिङ कारोबार**

दशैं नजिकै आइसकेको छ। अधिकांश मान्छे दशैंका लागि सपिङ पनि गरिरहेका छन् भने सपिङ गर्ने योजना पनि बनाइरहेका छन्। सपिङ गर्दा सिटिजन्स बैंकको मोबाइल बैंकिङबाट कारोबार गर्‍यो भने १० प्रतिशत अथवा १ सय रुपैयाँसम्म फिर्ता दिनेछ। 'दशैंमा डिजिटल कारोबार, सिटिजन्स बैंकको क्यास ब्याकको बहार' नारा रहेको यस योजनामा कसैलाई रकम पठाउनुपर्‍यो भने पनि क्यास ब्याक पाइनेछ। यो अफर असोज १ गतेदेखि असोज ३० गतेसम्म कायम लागू हुनेछ। मोबाइल बैंकिङ, फण्ड ट्रान्सफर र मोबाइल टपअप गर्दा यो लागू हुनेछ।

**डिजिटल कार्ड**

यसपालीको दशैंमा बैंकले डिजिटल कार्ड प्रयोगकर्ताका लागि पनि स्किम ल्याएको छ। 'चलाऊँ सिटिजन्स काड, पाऊँ क्यासब्याकको उपहार' नारा रहेको यस स्किममा दशैं अवधिभर कार्ड प्रयोग गरेर कारोबार गर्दा बैंकले २ सय रुपैयाँ फिर्ता दिने डिपोजिट मार्केटिङ हेड थापाले बताए।

**क्यूआर टेलर**

रकम झिक्न शाखा कार्यालयमा जाँदा चेक छुट्यो भने अब चिन्ता लिनुपर्दैन। किनभने बैंकको क्यूआर टेलरमा स्क्यान गरी नगद झिक्न सकिन्छ। जसरी मर्चेन्ट वा पसलमा गएर क्यूआर स्क्यान गरेर रकम माग्न सकिन्छ, त्यसैगरी बैंकको शाखा कार्यालयमा गएर नगद झिक्न सकिन्छ। क्यूआर टेलरबाट कारोबार पाऊँ उपहार नै उपहार नाराका नारा रहेको यस स्किम असोज ६ गतेदेखि असोज ११ गतेसम्म उपत्यकाभित्र लागू हुनेछ। साथै उपत्यका बाहिर भने असोज १३ गतेदेखि असोज १८ गतेसम्म लागू हुनेछ।

**मोबाइल बैंकिङ सक्रिय**

कतिपय ग्राहकले मोबाइल बैंकिङको सुविधा लिएका छन्। तर, उनीहरू सक्रिय रूपमा कारोबार गर्दैनन्। उनीहरूका लागि बैंकले 'पहिलो कारोबार सिटिजन्ससँग, ग्राहक सबै दंग' स्किम ल्याएको छ। डिजिटलमा कारोबारमा प्रोत्साहित गर्न र निष्क्रिय रहेका ग्राहकलाई सक्रिय गराउन यो येजना ल्याएको हो। निष्क्रिय रहेका ग्राहकले पहिलो कारोबार गर्दा १० प्रतिशत अर्थात् १ सय रुपैयाँ छुटको व्यवस्था गरेको छ। यो स्किम असोज महिनाभरि लागू हुनेछ। साथै मोबाइल बैंकिङ नवीकरण गर्ने ग्राहकले १५० रुपैयाँसम्म छुट पाउने छन्।

**डिजिटल रेमिट्यान्स**

मोबाइलबाटै रेमिट्यान्स प्राप्त गर्न सकिने गरी पनि बैंकले रेमिट्यान्स अफर ल्याएको छ। यदि विदेशबाट रेमिट्यान्स पठाएको छ भने मोबाइल बैंकिङबाटै बैंक खातामा ल्याएमा १ सय रुपैयाँ फिर्ता गर्ने बैंकले जनाएको छ। 'पाऊँ विदेशबाट पठाएको पैसा घर बसीबसी, सिटिजन्सले अझै पैसा थप्दा झन् खुसी' नाराका साथ यो स्किम असोजभरि लागू हुनेछ।

**स्मार्ट बचत**

बैंकको स्मार्ट बचत खाता खोल्दा कागज चाहिँदैन। चेकबुकलगायत अन्य कुनै पनि किसिमका प्रिन्टिङ पेपर पनि बैंकले दिँदैन। यो खाता खोल्दा मोबाइल, इन्टरनेट बैंकिङ र कार्डमा पहिलो वर्ष निःशुल्क हुनेछ। दोस्रो वर्षदेखि ५० प्रतिशत कम हुनेछ। बैंकले यस योजनालाई ग्रनी प्रडक्टमा रूपमा अघि सारेको छ। यस खाताका ग्राहकहरूको नाममा बैंकले वृक्षारोपण पनि गरिसकेको छ। असोजमा स्मार्ट बचत खाता खोल्नेहरूलाई बैंकले १ सय रुपैयाँ फिर्ता दिनेछ भने लक्की ड्र विजेतालाई पुरस्कारको व्यवस्था रहेको छ। जसमा प्रत्येक प्रदेशबाट २/२ जनालाई अवसर रहेको छ।

बैंकले यी अफरका साथै अन्य विभिन्न स्किम पनि ल्याएको छ। भर्चुअल क्रेडिट कार्डमा पनि क्यासब्याकको सुविधा रहेको छ। ग्राहकसँगै बैंकले कर्मचारीलाई पनि प्रोत्साहित गर्न अफरको व्यवस्था गरेको छ। डिजिटलमा राम्रो गर्ने शाखालाई बैंकले रिवार्डको व्यवस्था गरेको बैंकको भनाइ छ।

## राष्ट्रिय वाणिज्य बैंकले बाढीपीडितलाई दियो दुई करोड

काठमाडौं। राष्ट्रिय वाणिज्य बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई करोड रुपैयाँ गरेको छ।




प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बैंक सञ्चालक समितिका अध्यक्ष दीलिपकुमार ढुङ्गानाले उक्त रकमको चेक हस्तान्तरण गरेका हुन्। प्रधानमन्त्री ओलीले बैंकप्रति कृतज्ञता व्यक्त गर्दै बाढीपहिरो र डुबानले जनता अप्ठ्यारोमा परेका बेला यस प्रकारका सहयोग र ऐक्यबद्धताले राहत मिल्ने बताए।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले संस्थागत सामाजिक उत्तारदायित्वअन्तर्गत उक्त रकम प्रदान गरिएको बताएका थिए। मन्त्रिपरिषद्को सोमबारको बैठकले उक्त कोषमा एक अर्ब रुपैयाँ दाखिला गर्ने निर्णय गरेको थियो।

## ग्लोबल आइएमई बैंकका ग्राहकले बुद्ध एयरमा ८ प्रतिशत छुट

काठमाडौं। ग्लोबल आइएमई बैंकका ग्राहक तथा ग्राहकका परिवारका सदस्यहरुले बुद्ध एयरको टिकट खरिदमा ८ प्रतिशत छुट पाउने छन्।




उक्त छुट सम्बन्धी समझदारीमा बैंकका नायव महाप्रबन्धक तथा बाग्मती प्रदेश प्रमुख रुपेन्द्र वाग्ले र बुद्ध एयरका मार्केटिङ सेल्स डाइरेक्टर रुपेश जोशीले हस्ताक्षर गरेका छन्। समझदारी अनुसार ग्लोबल आइएमई बैंकका डेबिट, क्रेडिट कार्डवाहक एवम् बैंकको मोबाइल बैंकिङ एप्लिकेशन 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरुले बुद्ध एयरको टिकटको खरिदमा ८ प्रतिशत छुट पाउनेछन्। बैंकका ग्राहकहरु तथा ग्राहकका परिवार सदस्यहरुले बुद्ध एयरको काउन्टरबाट यो छुट पाउनेछन्। साथै, सम्पूर्ण आन्तरिक बिमानस्थलमा रहेको बुद्ध एयरको काउण्टरबाट टिकट लिएपश्चात् बैंकको ग्लोबल स्मार्ट प्लसमार्फत क्युआर कोर्ड स्क्यान गरी भुक्तानी गर्दा वा बैंकको डेबिट तथा क्रेडिट कार्डबाहक ग्राहक वा ग्राहकका परिवार सदस्यहरुले ८ प्रतिशतको छुट पाउने बैंकले जनाएको छ।

## ज्योति विकास बैंकका ग्राहकलाई काठमाडौंका ४ वटा रेस्टुरेन्टमा छुट

काठमाडौं। ज्योति विकास बैंकका ग्राहकहरूलाई काठमाडौंका ४ विभिन्न रेस्टुरेन्टहरूमा विशेष छुट हुने भएको छ। बैंकले काठमाडौंमा रहेका चार विभिन्न प्रख्यात रेस्टुरेन्टहरूमा बैंकका ग्राहकहरूलाई छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ।




यस सम्झौता अन्तर्गत, बैंकले कमलपोखरीस्थित अचार घर दरबारमार्गस्थित महोत्सव रेन्टुरेन्ट एण्ड बार हात्तीसारस्थित नेपाल हाउस एण्ड रेन्टुरेन्ट बार तथा कमलादीस्थित क्याफे लाइन हार्ट तन्दुरी किचेनमा बैंकका ग्राहकहरूले १० प्रतिशतसम्मको आकर्षक छुटको फाइदा लिन सक्नेछन्। सम्झौतापत्रमा हस्ताक्षर भएसँगै, ग्राहकहरूले एक वर्षको अवधिसम्म यी रेस्टुरेन्टहरूमा स्वादिष्ट परिकारहरूको साथ छुटको लाभ उठाउन पाउने बैंकले जनाएको छ।

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको महानचाड बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको अवसरमा ग्राहक वर्गहरु, शेयरधनी, कर्मचारीका साथै सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति,सुस्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

HBL Himalayan Bank Ltd.

परिवार

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको महानचाड बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको अवसरमा ग्राहक वर्गहरुमा साथै सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति,सुस्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नेपाल टेलिकम

राष्ट्रको सञ्चार

मंगलमय शुभकामना

बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना।

अलाइन्स फर डेमोक्रेसी एण्ड डिभलोपमेन्ट परिवार

काठमाडौं-१४, कलंकी

मंगलमय शुभकामना

बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना।

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.परिवार

ललितपुर-२, ललितपुर

मंगलमय शुभकामना

बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना।

बि.एस.प्रकाशन प्रा.लि. परिवार

कीर्तिपुर न.पा.-६, कीर्तिपुर

# सुशासनका लागि माथि बसेकाहरु सच्चिऔँ

**सागर पण्डित**

हाम्रा शासकहरुले वर्षौंदेखि भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अख्तियार गरिएको भन्दै चर्का-चर्का भाषण गर्दै आइरहेको भए पनि तिनै शासकहरुको पालामा सबैभन्दा बढी भ्रष्टाचार हुन पुगेको छ। हाम्रो राजनीतिक नेतृत्व र त्यही नेतृत्वबाट शासन सञ्चालन गर्न पुगेकाहरु बाहिर एउटा बोल्ने तर भित्र ठ्याक्कै उल्टो चरित्र देखाउँदा हाम्रो मुलुक कुशासनको चपेटामा पर्दै आयो।

कुशासन व्याप्त भएकाले विकास र समृद्धिको मार्ग अवरुद्ध हुन पुग्यो। त्यसैले अहिले स्थिति यस्तो आएको छ कि पुराना दलका नेताहरुले जतिसुकै राम्रो काम गरे पनि जनताले विश्वास नै गर्न छोडेका छन्। यो बडो दुःखको कुरा हो। अहिले यहाँ कैयौं जनता नयाँ शक्तिको रुपमा आएकाहरुले बदमासी गरेको देखिए पनि त्यसलाई सहजै माफी दिन तयार छन् तर पुराना दलका पुराना नेताहरुले जतिसुकै राम्रो काम गरे पनि उनीहरुलाई गालीगलौज गर्ने र खेदो खन्ने गरेको देखिन्छ। वास्तवमा जनस्तरमा विकास भएको यस्तो प्रवृत्ति पक्कै पनि राम्रो होइन। तर यसो भनेर सर्वसाधारण जनतालाई दोष दिने अवस्था छैन। बारम्बार ठूला-ठूला अवसर पाएर पनि जनताको मन जित्न नसक्नुको मुख्य दोष पुराना राजनीतिक दल र तिनका नेतृत्वले नै लिनुपर्छ। उनीहरुले विगतमा अवसर गुमाएकै हुन्, ठूलो गल्ती गरेकै हुन्। अब सच्चिनुपर्छ। यदि फेरि पनि त्यस्ता ठूला-ठूला गल्ती गर्दै जाने हो भने उनीहरुको समूल पतनलाई कसैले पनि रोक्न सक्दैन।

हाम्रो राजनीतिक नेतृत्वले सधैँ सुशासनको गफ हाँक्ने गर्छ तर उसले सदाचारिता र नैतिकतामा कहिल्यै ध्यान दिएको देखिँदैन। समृद्धि भाषण गरेकै भरमा आउने विषय होइन। हाम्रा शासकहरुले एउटा कुरा प्रस्टसँग बुझ्नुपर्छ कि विकास र समृद्धिको महत्वपूर्ण आधार भनेकै सुशासन र असल कार्यसंस्कृति हो। यसको थालनी माथिबाट गरिनुपर्छ। शासन सञ्चालन गर्ने माथिल्लो तहमा बसेकाहरुले दृढ प्रतिबद्धता व्यक्त गर्दै इमनदारितापूर्वक अघि बढे भने मुलुकमा सुशासन कायम हुन कठिन छैन। यसका लागि सबैभन्दा पहिला प्रधानमन्त्री, मन्त्री, सचिवहरु सच्चिनुपर्छ। राज्यका सबै निकायको माथिल्लो तहमा बसेकाहरुबाट सुशासनको बीज रोपिन जरुरी छ।

सुशासनको अवधारणाअनुसार सुशासन माथिबाट शुरु हुनुपर्छ। प्रधानमन्त्री, मन्त्री, सचिव र कार्यालय प्रमुखहरु नैतिकवान् एवं इमानदार हुन सके भने धेरै हदसम्म सुशासन कायम हुन सक्ने सुशासनका क्षेत्रमा कार्यरतहरुको अनुभव छ। अर्थात् मुहान सफा भए त्यहाँबाट आउने पानी स्वतः सफा हुन्छ, तल धेरै सफा गरिरहनुपर्दैन भन्ने मान्यता पनि छ। त्यसैले हामीकहाँ शासन सत्ताको नेतृत्वमा आउने प्रधानमन्त्री, मन्त्री तथा उनीहरुलाई नजिकबाट सघाउने मुख्य सचिव, सचिव तथा कार्यालय प्रमुखहरुले एकीकृत रुपमा भ्रष्टचारमा शून्य सहनशीलताको नीतिलाई जोडतोडका साथ व्यवहारमा उतार्न सके भने पक्कै पनि मुलुकमा सुशासन, विकास र समृद्धिको ढोका चाँडै नै खुल्न सक्छ। तर मुलुकमा वर्षौंदेखिको अराजकता, छाडातन्त्र, अनुशासनहीनताका कारण मक्किँदै र खिया लाग्दै आएको सुशासन र समृद्धिको ढोका सहजै खोल्न भने कठिन देखिन्छ। त्यो ढोका स्थायीरुपमा खोल्न प्रधानमन्त्रीसहितको राजनीतिक नेतृत्व र उनीहरुका सारथीको रुपमा रहेको ब्यूरोक्रेसीको इमान आवश्यक पर्छ।

राजनीति विचार विज्ञानभन्दा जीव विज्ञानबाट चल्ने, डनवाद र धनवादले राजनीतिलाई प्रभाव पार्ने, सार्वजनिक प्रशासनलाई अति राजनीतीकरण गर्ने, सेवा प्रवाहमा ध्यान नदिने, न्याय प्रणाली सुलभ हुन नसक्ने अवस्था आयो भने त्यसले राज्यलाई कमजोर र असफल वनाउन सक्छ। यसतर्फ अबका शासकहरुले विशेष ध्यान पुऱ्याउन जरुरी छ।

नेपालको राजनीतिक र प्रशासनिक क्षेत्रमा लामो समयदेखि कम्बल ओढेर घिउ खान पल्केकाहरु नै हाबी हुँदै आइरहेका छन्। समाजवादको आधार तय गर्ने लक्ष्य लिएका दलहरुबाट सरकारको नेतृत्व गर्न जानेहरुले बाटो बिराउँदा अहिले मुलुकले एकैपटक ठूला-ठूला समस्या व्यहोर्नुपरिरहेको छ। संसारमा नै सबैभन्दा उन्नत मानिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले छोटो समयमा नै धेरै नै बदनाम भोग्नुपरिरहेको छ।

भ्रष्टाचारलाई संस्थागत गर्न खोजिएको छ। भ्रष्टाचारीहरु एकपछि अर्को बहानामा उम्काउने काम गर्न थालिएको छ। यो मुलुकको लागि घातक पक्ष हो। जबसम्म भ्रष्टाचारीहरुमाथि राज्य निर्मम हुन सक्दैन तबसम्म मुलुकले अहिलेकै जस्तो हालत भोग्नुपर्छ र नेताहरुले अहिलेकै जस्तो संकट। विश्लेषकहरुका अनुसार समकालीन विश्वमा आर्थिक समृद्धिमा चामत्कारिक प्रगति हासिल गर्दै आएको चीनले भ्रष्टाचारीहरुमाथि कठोर कदम चाल्न सक्नाले नै त्यस्तो प्रगति गर्न सकेको हो भने दक्षिण-पूर्वी एसियाका मलेसिया तथा सिंगापुरजस्ता राष्ट्रले छोटो अवधिमा नै मुलुकलाई कायाकल्प गराउन सक्नुको प्रमुख कारण पनि ती देशले अपनाएको विधिको शासनको कडाइपूर्वकको पालना र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति नै हो। हामीकहाँ उन्नत शासन व्यवस्था भए पनि यो प्रणालीलाई सञ्चालन गर्नेहरुमा देखिँदै आएको भ्रष्ट आचरण र अनैतिक प्रवृत्तिले गर्दा विधिको शासन कमजोर बन्न पुगेको हो। यहाँ राजनीतिक र प्रशासनिक क्षेत्र दुवै भ्रष्टाचारको अखडाजस्ता बनिरहेका छन्।

एकातिर राजनीतिक नेतृत्व सर्वाधिक भ्रष्ट छ भने अर्कोतिर स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्र भ्रष्ट र स्वार्थीहरुको जमातजस्तै बन्न पुगेको छ। अहिलेको नेपालको कर्मचारीतन्त्र प्रशासनका पिताका रुपमा रहेका विड्रो विल्सनले भनेजस्तै कोमामा पुग्न लागेको छ। त्यस्तो कोमामा पुग्न लागेको स्थायी सरकारबाट के आशा गर्न सकिएला र ? यद्यपि आशा मारिहाल्ने अवस्था भने छैन। प्रधानमन्त्री र अन्य मन्त्रीहरुमा दृढ इच्छाशक्ति, इमानदारिता र नैतिकताको पारो बढाउन सक्ने हो भने यहाँको कर्मचारीतन्त्रलाई 'सञ्जीवनी बुटी' खुवाएर तङ्गाउन नसकिने भने होइन। त्यो सञ्जीवनी बुटी भनेको दण्डहीनताको अन्त्य हो। पुरस्कार र दण्डको व्यवस्थालाई कडाइ गर्नु हो।

नेपाली ब्यूरोक्रेसीलाई प्रणालीमा हिँडाउन सकियो भने यसबाट सजिलैसँग काम लिन सकिन्छ। यसको नेतृत्व प्रधानमन्त्री र मन्त्रीबाटै गरिनुपर्छ। यसको लागि सबैभन्दा पहिला उनीहरु स्वयं सच्चिनुपर्छ। राजनीतिक नेतृत्व सच्चिएर इमानमा चल्न सकेमा त्यस्तो राजनीतिक नेतृत्वले सिंगो प्रशासनतन्त्रमा पनि आमूल परिवर्तन गराउन सक्छ।


राजनीतिक नेतृत्व पहिला आफू सच्चिएर प्रशासन संयन्त्रलाई लक्ष्यअनुसार हिँडाउन सबै तहका निजामती कर्मचारीको नैतिकता, सदाचार, आचरण, अनुचित कार्य र भ्रष्टाचारजन्य क्रियाकलापको विरुद्ध निरन्तर अनुगमन गर्न जरुरी छ। अनुगमन गरी कमजोर नैतिकता, सदाचार र आचरण प्रदर्शन गर्ने तथा अनुचित कार्य गर्ने कर्मचारीउपर कडा कानुनी कारबाहीको व्यवस्था गर्नुपर्छ भने उच्च स्तरका नैतिकता, सदाचार र आचरण देखाउनेलाई पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ।

अब स्थायी सरकारको रुपमा रहेको प्रशासनिक संयन्त्र पनि सच्चिनुपर्छ। अबको प्रशासनले सबैभन्दा पहिला जनताको भावना र मुटुमा स्पर्श गर्न सक्ने गरी काम गर्न सक्नुपर्छ। यसको लागि प्रशासक तथा कर्मचारीहरुले कार्यसम्पादन गर्दा समग्र राष्ट्र र जनताको बृहत्तर हित, समावेशीकरणको मान्यतालाई आत्मसात्, कानुनको शासन तथा कामकारबाहीमा पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता, इमानदारिता, आर्थिक अनुशासन एवं भ्रष्टाचारमा शून्य सहनशीलतालाई आत्मसात् गर्नुपर्छ। लोभलालच र विलासितालाई पूरै त्याग गर्न सक्नुपर्छ। सेवाप्रवाहलाई सरल, सहज र गुणस्तरीय बनाउन सक्नुपर्छ। जनताबाट आउने गुनासाहरुको तत्काल सम्बोधन गर्न सक्नुपर्छ। साथै सार्वजनिक प्रशासनलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनको मूल्य मान्यताप्रति प्रतिबद्ध बनाउँदै जनताको सहभागितामा नै नीति नियम बनाउने, सार्वजनिक सेवालाई बहुल सांस्कृतिक स्वरुपमा रुपान्तरण गर्ने र विविधताको व्यवस्थापन न्यायोचितरुपमा गर्ने, व्यावसायिक र सक्षम बनाउन सोही अनुसारको योग्यता प्रणाली अवलम्बन गर्नुपर्छ।

राजनीतिक नेतृत्व पहिला आफू सच्चिएर प्रशासन संयन्त्रलाई लक्ष्यअनुसार हिँडाउन सबै तहका निजामती कर्मचारीको नैतिकता, सदाचार, आचरण, अनुचित कार्य र भ्रष्टाचारजन्य क्रियाकलापको विरुद्ध निरन्तर अनुगमन गर्न जरुरी छ। अनुगमन गरी कमजोर नैतिकता, सदाचार र आचरण प्रदर्शन गर्ने तथा अनुचित कार्य गर्ने कर्मचारीउपर कडा कानुनी कारबाहीको व्यवस्था गर्नुपर्छ भने उच्च स्तरका नैतिकता, सदाचार र आचरण देखाउनेलाई पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ।

राजनीतिक नेतृत्वको रुपमा रहेका प्रधानमन्त्री र प्रशासनिक नेतृत्वको रुपमा रहेका मुख्य सचिवले अग्रसरता देखाउने र इमानदारितालाई मूल मन्त्र बनाएर अघि बढ्ने हो भने मुलुकमा सुशासन कायम हुन कठिन छैन। यस विषयमा वर्तमान प्रधानमन्त्री र मुख्य सचिवले ठण्डा दिमागले सोच्नुपर्छ। देशलाई के सधैँ यसरी नै बर्बादीमा नै राखिरहने हो ? नागरिकमा बढ्दै गएको असन्तुष्टिको ज्वाला के अझै बढ्न दिने कि समयमा नै रोकथाम गर्ने ? गम्भीर भएर सोचौँ। त्यसैले मुलुकलाई थप बर्बादीबाट बचाउने हो भने सुशासन माथिबाट थालौँ। माथिल्लो निकायमा रहेका सबै भीभीआईपी र भीआईपीहरु सच्चिऔँ र सच्चिएको सन्देश व्यवहारबाटै देखाऔँ।

# दसैं तिहारको बिदामा
## विद्यार्थीहरूले के-के गर्ने ?



**लेखराज घिमिरे**

विद्यार्थीको पहिलो काम भनेको लेखपढ गर्ने हो। अधिकांश समय अफ्नो अध्ययनमा खर्चेर राम्रो नतिजा हात पारी सबैको अगाडि अब्बल बनेर देखाउनु प्रत्येक विद्यार्थीको अभीष्ट हुनुपर्छ। हरेक अभिभावकले अफ्ना सन्तानहरू यस्ता बनून् भन्ने अपेक्षा पनि राख्नुभएको हुनसक्छ। तर,आजभोलि प्रायः विद्यार्थीहरूमा पढ्ने संस्कार हराउँदै गएको अभास सर्वत्र गरिँदै छ। आजभोलिका अधिकांश विद्यार्थीहरू मोबाइल, ल्याप्टप, ट्याव, कम्प्युटर अदिमा फेसबुक, म्यासेन्जरमा च्याट, टिकटक, इमेल, इमो, अदिको नसा लागेर समयमै लेखपढ गर्न त परै जाओस् बोल्न, खान, सुत्न नै भुलिसकेका छन्। यसले उनीहरूलाई एकोहोरो बनाउँदै लगेको परिप्रेक्षमा विद्यालयहरूले पनि लामो छुट्टी दिएको अवस्था छ भने नानीबाबू ! तपाईंहरू अफ्नो अमूल्य समय त्यसै खेर नफाल्नुहोस्। पढाइ लेखाइलाई अफ्ननो मुख्य कार्य ठानी त्यसमा निरन्तर लाग्नुहोस्। साथै, अभिभावकहरूले पनि अफ्ना नानीहरूलाई पढाइका अलावा घर, परिवार, नातागोता, गाउँघर, छरछिमेकमा चिना परिचय गराउने, अफ्नो संस्कार, चाडपर्व, सुख, दुःख आदिका बारे ज्ञान दिलाउने गरी बालबालिकालाई पनि सरिक गराउने गर्दा उनीहरूले पनि सामाजिक बनी बाँच्न अरू थप ज्ञान पाउने कुरामा शङ्का छैन।

विद्यालयबाट पनि विद्यार्थीहरूलाई अनावश्यक गृहकार्य थुपार्ने कार्य राम्रो होइन। विद्यार्थीहरूलाई केवल भुलाउने खालका कार्य मात्र नदिएर उनीहरूको सिर्जनशीलता बढाउने खालका गृहकार्यहरू दिनु पर्छ। अझै पनि कतिपय विद्यालयहरूले कापीको २० पेज २५ पेज हस्तलेखन गरेर आउने जस्ता अत्यन्तै पुराना शैलीमा गृहकार्य दिने चलन अद्यपि छँदै छ। यो कदापि राम्रो होइन। अभिभावक तथा शिक्षकहरूको सल्लाह बमोजिम नै बजारमा चलेका राम्रा पुस्तकहरू खेजेर, किनेर पढ्दा बालबालिकाको ज्ञानको भण्डार पनि बढ्छ साथै बालबालिकाले पाठ्यपुस्तकभन्दा बाहिरका पुस्तक पढेर रमाइलो अनुभव पनि गर्न पाउँछन्। त्यसैले त्यस्ता पुस्तकहरू खेजेर पढ्न पनि सल्लाह दिन्छु। दसैं तिहारको समय पनि छ। गाउँघर हुनेले गाउँघर जाने, मामाघर जाने, अफ्ना अभिभावकसँग रमाइला र सुन्दर सुन्दर ठाउँहरू घुमफिर गर्ने, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको भ्रमण गर्ने, यसैगरी परिवार, नातागोता सबै सँगसँगै बसेर विभिन्न परिकारहरू बनाउने अनि खाने, खुवाउने गर्दा बालबालिकाले एकोहोरो विद्यालयीय जीवनबाट केही समयलाई मुक्ति पाई आउँदा दिनहरूमा पढाइ लेखाइमा लाग्ने थप ऊर्जा पनि पाउँछन्।

अन्त्यमा लामो छुट्टी छ बढी उत्ताउलो बनेर, हौसिएर नराम्रा गतिविधिमा नलागी सुरक्षित तथा अनुशासित बनी सभ्य गुरुका सभ्य शिष्य, सभ्य आमाबुवा र अभिभावकका सभ्य बालबच्चा बनी बिदाको पूर्ण सदुपयोग गर्न सल्लाह दिँदै विजया दशमी, शुभ दीपावली, नेपाल सम्वतका साथै छठ पर्वको अवसरमा सबैमा धेरै धेरै शुभकामना।

मंगलमय शुभकामना
बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य,
दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना
बन्दन-भगवती जे.भी.
परिवार, काठमाडौं

मंगलमय शुभकामना
बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य,
दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना
लामा कन्ट्रक्सन कम्पनी प्रा.लि.
परिवार, काठमाडौं

मंगलमय शुभकामना
बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना।
अभियान डिजिटल वर्ल्ड प्रा.लि.परिवार
काठमाडौं-१३, बाफल

मंगलमय शुभकामना
बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना।
इनरुवा सेवा समाज परिवार
काठमाडौं-३१, सिनामंगल

मंगलमय शुभकामना
बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना।
दूर दृष्टी डिजिटल प्रा.लि.परिवार
काठमाडौं-१३, बाफल

# पूर्वसूचना हुँदाहुँदै कहाँ चुक्यो सरकार ?

कृष्ण गिरी/दिपेन्द्र अधिकारी

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले ९ असोजमा देशभर भारी वर्षा हुने पूर्वानुमान गरेपछि गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले ११ र १२ असोजमा रात्रिकालीन बस नचलाउन सूचना जारी गऱ्यो। तर आइतबार साँझसम्म मोफसलबाट काठमाडौं भित्रिने मुख्य नाका धादिङको झ्याप्लेखोलामा पहिरोमा पुरिएका सवारी साधानबाट ३५ जनाको शव संकलन भएको छ।

पूर्वमानुमान महाशाखाको पूर्वानुमान सटिक मात्र भएन, प्राधिकरणको जोखिम विश्लेषण पनि सही भयो। तर सरकारको प्रतिकार्य तयारी र सूचना कार्यान्वयनमा भने चुक हुँदा ठूलो जनधनको क्षति भएको छ। किनभने झ्याप्लेखोला पहिरो शुक्रबार राति नै आएको हो र गाडीहरू पुरिएका छन्। त्यस दिन रात्रिकालीन सवारी नचलाउन सूचना जारी भएको थियो। बुटवलबाट आएको र गोरखाबाट आएको यात्रुवाहक सवारीसाध्न पहिरोमा पुरिएका छन्। ती सवारीसाधनलाई धादिङको झ्याप्लेखोला पहिलाका चेक प्वाइन्टबाट कसरी अगाडि जान दिइयो भन्ने प्रश्नको जवाफ गृह मन्त्रालयसँग छैन।

९ असोजको प्राधिकरणको सूचनामा नै पहिरोको जोखिम भएका स्थान र नदी किनारका बस्तीमा उच्च सतर्कता अपनाउन पनि आग्रह गरिएको थियो। तर सोअनुसार काम गर्न तीन तहको सरकारी उद्धारकर्ताबीच समन्वय भएको देखिएन।अविरल वर्षाका कारण आएको बाढीले ललितपुर महानगरपालिकाको नखिपोट कोलोनी क्षेत्रमा नख्खु खोलाले बगाउँदा चार जना बेपत्ता भएको र उद्धार गर्न नसकेको सरकारको दाबी रह्यो। १२ गत बिहान साढे १० बजे सिंहदरबारमा बसेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमान्ड पोस्ट बैठकमा गृहमन्त्री रमेश लेखकले नख्खु नदीछेउमा रहेकाहरूलाई बचाउन नसकिएको बताएका थिए।

'नख्खु खोलामा केही मानिसहरू टहराको छतमा बसेको अवस्थामा कोसिस गर्दागर्दै पनि बचाउन सकेनौँ। हेलिकोप्टरमार्फत पनि उद्धार गर्न सकिएन। भिजिबिलिटीका कारण जोगाउन सकेनौँ,' लेखकले भनेका थिए। पीडितहरूलाई बाढीले बगाउँदा सरकारी निकायमा खबर गर्दा सुनुवाइ नभएको कुरा भिडियो खिच्नेले बताइरहेका थिए। गृहमन्त्रीले बचाउन सकिएन भनेकाहरूलाई काठमाडौंमा मजदुरी गर्ने चणिकलाल तामाङले दुई जनालाई सकुशल उद्धार गरेका थिए।

रौतहट घर भई सुगम बस्ती टोलमा बस्दै आएका ४३ वर्षीय राजु साह, उनकी छोरी ६ वर्षीया मेघना साह, राजुका भाइ २२ वर्षीय राज साह, राजकै छोरी करिब ४ वर्षीया सेर्तु साह आफ्नो ज्यान जोगाउन जस्ताको टहरोमाथि चढेका थिए। बाढीले टहरो भत्काएपछि चारै जनालाई बगाएको थियो। राजुले छोरी मेघनालाई च्यापेर पौडिँदै गरेको बेला चणिकलालले निकालेका थिए। चार जनामध्ये एक जना बेपत्ता भए भने एक जनाको उपचार भइरहेको छ।

**ढिलो सुन्छ सरकार**

सरकारले समयमा राहत, उद्धार तथा जोखिम न्यूनीकरणमा काम गर्छ भन्ने विश्वास राजनीतिक दलमा देखिएको छैन। पूर्वप्रधानमन्त्रीको हैसियतमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बोलाएको सर्वदलीय बैठक स्थगित गरे। उनले आइतबार १० बजेलाई बोलाएको बैठक कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले १ बजेका लागि बोलाएपछि स्थगित गरेका थिए। सरकारले ढिलाइ गरेका कारण सर्वदलीय बैठक बोलाएका प्रचण्डले सरकारले ढिलो भए पनि बैठक राखेपछि स्थगित गरे।

सर्वदलीय बैठकको निर्णय नौ बुँदामा पौने ५ बजे सार्वजनिक भयो, जहाँ सरकारले प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा सहयोग गर्न निजीक्षेत्र, आमनागरिक र संघसंस्थालाई आग्रह गरिएको छ।

प्रधानमन्त्री केपी शर्मा ओली अहिले संयुक्त राष्ट्र संघको महासभामा भाग लिन अमेरिकामा छन्। उनले 'नेपालमा भरी पर्दा उता मनमा पहिरो गएको' लेखेका थिए। त्यसको सामाजिक सञ्जालमा आलोचना भएको छ। अर्को स्टाटस लेखेका छन्, 'गृहमन्त्री रमेश लेखकजीसँग टेलिफोनमा कुरा गरेर यससम्बन्धी सबै विवरण लिएको छु। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका विपद् उद्धार टोलीलाई पूर्ण क्षमताका साथ, उद्धारका साधनसहित खटाइएको छ,' उनले लेखेका छन्, 'केही ठाउँमा उद्धारमा ढिलाइ भएको भन्ने कुरा पनि आएको छ। सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले पनि जिम्मेवारीपूर्वक उद्धारको काम अघि बढाउनुहोला।' उद्धारमा ढिलाइ भएको विषय स्वीकार गरेका छन्। विपद्को बेला उद्धारमा ढिलाइ हुनु भनेको नागरिकलाई मृत्युको मुखमा छोड्नु हो।

**गृहमन्त्रीसँगै सूचना छैन**

नख्खुमा बाढीले बगाएकाहरूका बारेमा गृहमन्त्रीसँग पर्याप्त सूचना भएन। प्राकृतिक विपत् र त्यसले जनधनमा पुऱ्याएको क्षतिबारे कांग्रेसले आइतबार मन्त्री लेखकसँग ब्रिफिङ लिएको छ। पार्टीको कार्यसम्पादन समितिको बैठकमा लगातार परेको पानी र त्यसका कारण आएको बाढीपहिरोलगायतका कारणले जनताले ज्यान गुमाउनुपरेकोमा सरकारसँग यथार्थ विवरण माग गरिएको हो।

पूर्वजानकारी हुँदा पनि किन यति धेरैले ज्यान गुमाए भन्ने प्रश्न कांग्रेस नेताहरूले कार्यवाहक प्रधानमन्त्री र गृहमन्त्रीसँग जवाफ मागेका थिए। जवाफमा पार्टीबाट सरकारको नेतृत्व गरेर गएका उपप्रधान तथा शहरी विकासमन्त्री सिंहले ३३ सयभन्दा बढी व्यक्तिलाई उद्धार गरिएको जानकारी गराएका थिए। समयमै उद्धार नगरेको भए 'विज्ञले भनेजस्तै थप ३३ प्रतिशत क्षति रोक्न सफल भएको' भन्ने जवाफ उनले दिएका थिए।

वर्षात् हुन्छ भन्ने पूर्वानुमान भएको अवस्थामा यति धेरै जनधनको क्षति किन भयो भन्ने प्रश्नमा जवाफ दिँदै गृहमन्त्री रमेश लेखकले भने प्रयत्न गरे पनि साधन स्रोतको अभावका कारण उद्धार कार्यमा कठिनाइ भएको जानकारी दिएका थिए। 'उद्धारका लागि आवश्यक सामग्री नभएको अवस्थामा हामीले व्यवस्थापन गर्न लागेका थियौँ। गर्दागर्दै धनजनको क्षति भएको हो भन्ने कुरा राख्नुभयो,' बैठकमा सहभागी एक नेताले भने, 'प्रयत्न गर्दागर्दै काम गर्न सकिए, सम्भव भएजति गरेका छौं भनेर उहाँहरूबाट कुरा आयो।'

त्यस्तै, सर्वदलीय बैठकमा सरकारले पूर्वतयारी गरेकाले क्षतिलाई न्यूनीकरण गरेको मन्त्री लेखकले बताए। उनले भने, 'विपद् न्यूनीकरण र विपद्को व्यवस्थापनमा दुईवटा चरण हुन्छन्। एउटा विपद्पूर्वको सूचनाको विषय हो। पूर्वानुमानअनुसार सूचनाको सम्प्रेषण पनि भएको थियो। त्यो सूचनालाई आगामी दिनमा थप व्यवस्थित गर्न जरुरी छ। अर्को विपद्को प्रतिकार्यको विषय हो। त्यसका लागि पूर्वतयारी नभएको चाहिँ होइन। सरकारले पूर्वतयारी गरेकाले नै क्षतिलाई न्यूनीकरण गर्नका लागि सहयोग पुगेको छ। आगामी दिनमा यसलाई थप व्यवस्थित गरेर जान जरुरी छ।'

तर मन्त्री लेखकले दबी गरेजस्तो क्षति कम भने भएको छैन। आइतबार दिउँसोसम्म मृतकको संख्या १४८ पुगिसकेको छ भने अझै ५९ जना बेपत्ता रहेको प्रहरीकै तथ्यांकले देखाएको छ। ठूलो मानवीय क्षति हुँदा पनि गृहमन्त्री लेखकले भने क्षति न्यूनीकरण भएको दाबी सर्वदलीय बैठकमा गरेका छन्। उनले विपद्पूर्वको सूचना र तयारीले क्षति कम भए पनि थप व्यवस्थित गर्न जरुरी रहेको बताए। देशको राजधानी काठमाडौं मोफसलबाट करिब ४८ घण्टा सडक सम्पर्कबाट बाहिर रह्यो भने बाढीपहिरोले देशका ६० वटाभन्दा धेरै सडकहरूमा क्षति पुगेको छ।

**भएको सूचनाको बेवास्ता**

सरकारी निकायबाट अत्यधिक वर्षा हुन्छ, रात्रिकालीन बस सेवा नचलाऔँ भन्नेजस्ता सचेत गराउन आएको सूचनालाई बेवास्ता गरिएको छ। 'पहिले सूचना जारी गरेको हो, ठूलै वर्षा हुन्छ भनेको हो। खोला किनार, भिरपखामा बस्नेलाई सचेत रहन भनिएको थियो। सूचना प्रवाह तल्लो स्तरमा पुगेको पनि थियो। सही ढंगले सूचनाको परिपालना नभएको हुन सक्छ। लापर्वाही पनि हुन सक्छ, कहींकतै सही समयमा सुरक्षाकर्मीलाई खबर नभएको पनि हुन सक्छ। सुरक्षाकर्मी पुगेर पनि उद्धारका उपयुक्त सामग्री नपुगेको हुन सक्छ। एकीकृत रूपमा केही यस्ता घटनाहरू भएका छन्,' राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले शिलापत्रसँग भने।

प्राथमिकताहरू सही ढंगले नराखिँदा समस्या आएको हुन सक्ने उनले बताए। 'जुन ढंगको प्रतिकार्य भएको थियो, समन्वयको अधिकतम प्रयास गरिएकै हो। प्राप्त स्रोत साधनबाट अधिकतम प्रयास गरिएकै हो। यदि यस्तो गरिएको थिएन भने भयावह अवस्था आउन सक्थ्यो,' प्रवक्ता भट्टराईले भने। संयोजनबिनाको सरकार

विज्ञहरू भने संयोजन नगर्ने र अर्कालाई दोषारोपण गर्ने प्रवृत्ति फेरि पनि देखिएको बताउँछन्। एक साताअघिबाट सूचना जारी हुँदा पनि गृह मन्त्रालय सुरुबाट परिचालित नभएको विपद् व्यवस्थापनविज्ञ डा. गंगालाल तुलाधर बताउँछन्। 'गृह मन्त्रालय राम्रोसँग परिचालन भएको भए सडक विभागसँग समन्वय हुन्थ्यो होला। मनसुन प्रतिकार्यअनुसार सबै तयारी अवस्थामा छ भन्नुहुन्थ्यो तर त्यसअनुसारको काम भएको देखिएन,' तुलाधरले शिलापत्रसँग भने, 'सशस्त्र प्रहरीलाई स्रोत साधनसम्पन्न बनाउन पनि उहाँहरूले सक्नुभएको रहेनछ। त्यसमा चुक्नुभएको रहेछ। सशस्त्रका जवानहरूलाई नै बग्दाबग्दै अर्कालेे उद्धार गर्नुपर्ने देखियो।'

नागरिक समाज र राजनीतिक दलहरू पनि जिम्मेवार हुनुपर्ने उनको जोड छ। समुदायले तालिमप्राप्त भएर शिक्षा हासिल गर्न सक्ने अवस्थामा नागरिक समाजले पनि उद्धार गर्न सक्ने उनी बताउँछन्। 'खोलामा मान्छे बग्दा रमिते मात्र बस्ने परिस्थिति भयो। त्यो कमसेकम हुँदैनथ्यो होला। राजनीतिक दलका कार्यकर्तालाई पनि शिक्षित बनाएर राख्ने हो भने उनीहरू निरीह भएर बस्नुपर्ने अवस्था आउँदैनथ्यो,' तुलाधरले भने।

सूचना जारी गर्ने काम एउटा निकायले गरेको र अर्को निकायले समन्वय भने नगरेको सत्य रहेको तुलाधरले बताए। 'मौसम विभागले भारी वर्षा हुन्छ भनेपछि गृह मन्त्रालयले त्यस प्रकारको तदारुकता नदेखाएको देखियो। सडक अवरोध हुने कुरा पूर्वानुमान गर्न सकिन्थ्यो। प्रभावको पनि पूर्वामानुमान गर्न सकिन्थ्यो,' उनले भने, 'पूर्वानुमान गरेको भए राजमार्गमा बीभत्स दृश्य देख्न पर्दैनथ्यो।'

**प्रतिकार्य योजना फेल**

मनसुनजन्य विपद्बाट करिब १८ लाख १ हजार जनसङ्ख्या र ४ लाख १२ हजार घरधुरी कुनै न कुनै रुपमा प्रभावित हुन सक्ने अनुमान सरकारले गरेको थियो। ८३ हजार घरपरिवार मनसुनजन्य विपद्बाट प्रत्यक्ष प्रभावित हुन सक्ने र १८ हजार घरपरिवारलाई उद्धार तथा राहत दिनुपर्ने विश्लेषण प्राधिकरणको थियो।

यसअघि भएका घटनाको विश्लेषण, बाढी र पहिरोको जोखिमबारे गरिएको अध्ययन, यस वर्ष अनुमान गरिएको मनसुन र वर्षा अनि यस वर्षको डढेलो र भूकम्पका कारण थप जोखिम बढेको आकलन गरिएको हो। विपद् पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय परियोजना २०८१ तयार पारिए पनि विगतका वर्षमा जस्तै यो वर्ष पनि प्रतिकार्य योजना फेल भयो। नगरेको भए क्षति अझै बढी हुन्थ्यो भन्ने सरकारी औपचारिक भाषालाई बल पुऱ्यायो।

**सत्ता गठबन्धनमा नै सरकारको कामप्रति असन्तुष्टि**

नेपाली कांग्रेसका नेता शेखर कोइरालाले विपत् व्यवस्थापन र नागरिकको जिउधनको सुरक्षा गर्ने कुरामा सरकार उदासीन देखिएको बताएका छन्। शनिबार कोइरालाले सरकारको आलोचना गर्दै भने, 'यतिबेला भारी वर्षा हुन्छ भन्ने थाहा पाउँदापाउँदै सरकारले तयारी गरेन, जसका कारण धेरै क्षति भयो । सरकारको यो चरम लापर्वाही हो।'

राजधानीमै हेर्दाहेर्दै र देख्दादेख्दै मान्छे बगाएको घटनालाई समेत सरकारले बेवास्ता गरेको आरोप कोइरालाले लगाए। उनले भने, 'सरकार भनेको केवल कुर्सी र पद मात्रै होइन, मन्त्री क्वार्टरकै छेउबाट नागरिक बगेको घटनाले राज्यलाई अलिकति पनि छोएन ?'

देशका प्रायः सबै राजमार्ग बन्द भएको प्रसंग उल्लेख गर्दै कोइरालाले भने, 'राजधानी काठमाडौं उपत्यका र बाहिरी जिल्लाको सडक सम्पर्क टुटेको छ। जिल्ला सदरमुकामहरू सडक सम्पर्कबाट विच्छेद छन्। बस्तीहरू डुबानमा छन्। नागरिकहरू चरम संकटमा छन्। तर, राज्य कहाँ छ यतिबेला ?'

आइतबार नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा सरकारको कडा आलोचना भएको छ। 'अन्य देशमा प्रधानमन्त्री आफ्नो देशमा विपद् पर्दा कार्यक्रम छोट्याएर पनि स्वदेश फर्कन्छन्। तर, हाम्रो प्रधानमन्त्री यस्तो विपद्को समयमा पनि अमेरिका बसेको' भन्दै प्रकाशरण महतले आलोचना गरेको बैठकमा सहभागी एक नेताले बताए।

ती नेताले बैठकमा सरकारको आलोचना भएको भन्दै भने, 'अरु देशका प्रधाानमन्त्री संयुक्त राष्ट्र संघको महासभामा भाग लिएर पनि स्वदेश फर्किसक्नुभयो। तर, हाम्रो देशका प्रधानमन्त्री केपी शर्मा ओली अमेरिकामा नै बस्नुभएको छ। यो सरकारको गैरजिम्मेवारीपना हो। मन्त्रीहरूले पनि काम गर्न सक्नु भएन।'

नेताहरूले बैठकमा मौसम पूर्वानुमान विभागले पहिला नै सचेत गराउँदा पनि कुनै वास्ता नगरेको सरकारको र मन्त्रीहरूको आलोचना भएको नेता बलबहादुर केसीले बताए। उनले भने, 'बैठकमा सरकारको विपद्मा सरकारको तयारी नपुगेको भन्दै आलोचना भएको हो। सरकारले आवश्यक तयारी नगर्दा बढी समस्या आएको हो। सरकारले अभिभावकत्व निभाउन सकेन भनेर आलोचना भयो।'

कांग्रेस नेता प्रकाशमान सिंह कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारीमा छन्। कांग्रेस नेता रमेश लेखक गृहमन्त्री छन्। तर, विपद्मा सरकारको काम गराइको अवस्थालाई लिएर पार्टी बैठकमा आलोचना भएको छ।

**विपद्पछि जुरमुराए दलहरू**

विपद्पछि राजनीतिक दलहरू पनि सक्रिय बनेका छन्। दलहरू राहत वितरण र उद्धारमा जुटेका छन्। सत्तारुढ दल नेपाली कांग्रेसले शनिबार नै केन्द्रबाट आफ्ना नेता-कार्यकर्तालाई राहत तथा उद्धारको काममा खट्न निर्देशन दिएको थियो। पार्टी सभापति शेरबहादुर देउवाले विज्ञप्तिमार्फत जनधनको क्षति भएको प्रति दुःख व्यक्त गर्दै पार्टी पङ्क्तिलाई उद्धार तथा राहतका लागि खट्न निर्देश दिएका थिए। आइतबार कांग्रेसले बाढी-पहिरोमा पीडितहरूको राहतका लागि ५० लाख रकम प्रदान गर्ने घोषणा गरेको छ। सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले पनि राहत तथा उद्धारमा जुट्न आफ्ना नेता तथा कार्यकर्तालाई निर्देशन दिएको छ। एमालेका नेता कार्यकर्ता धादिङ, नुवाकोट, काभ्रे, सिन्धुली, मकवानपुर, चितवनलगायत जिल्लामा खटेको केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारीले जानकारी दिए। एमालेको आइतबार बिहान बसेको केन्द्रीय कार्यालयको आकस्मिक बैठकले पनि बाढीपहिरोपीडितहरूको उद्धारमा खटन् पुनः निर्देशन दिएको छ।

प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रले पनि नेता कार्यकर्ताहरूलाई उद्धार र राहतमा खट्न निर्देशन दिएको छ। माओवादीका भ्रातृ संगठनका विद्यार्थीहरू हिजैदेखि उद्धारमा खटेको उपमहासचिव शक्ति बस्नेतले बताए। उनले भने, 'माओवादी पार्टीले पालिका प्रमुख भएका क्षेत्रमा क्षति भएको छ, ती क्षेत्रमा जनप्रतिनिधिकै नेतृत्वमा अरू साथीहरू खटिरहनुभएको छ। काठमाडौं र ललितपुरमा वाईसीएल पनि खटाएका छौं।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले शनिबार नै जिल्लामा जोखिमपूर्ण अवस्थामा रहेका नागरिकको उद्धार कार्यमा सबै तहका सदस्य सक्रिय रहन निर्देशन दिएको छ। यस्तै, उद्धार कार्यमा संलग्न हुँदा आफ्नो सुरक्षालाई पनि ध्यान दिई सम्बन्धित सुरक्षा निकायसँग समन्वय गरेर आफूले जानेको र सक्ने तवरले उद्धार कार्यमा लाग्न सबै नेता कार्यकर्तालाई निर्देशन दिएको छ।

## A Firm Foundation

P. Pilgrim

Over these past days we have seen the devastation that can occur with torrential rain. Homes have been washed away, landslides have closed roads, sick holes have opened up and swallowed up the roads. The destruction has ravaged the homes and the loss of life has been server. However, these types of natural disasters happen again and again. Every year there is flooding, landslides and loss of life. The same areas get flooded, the same roads get blocked and the government doesn't seem to learn from its mistakes and prepare better for the next time. After Hurricane Andrew had swept through southern Florida, amid the devastation and debris stood one house alone on its foundation. The owner was out front cleaning up the yard when a reporter from a TV news program approached him. 'Sir, why is your house the only one still standing?' asked the reporter. 'How did your house manage to escape the severe damage of the hurricane?' I built this house myself,' the man replied. 'I also built it according to the Florida state building code. When the code called for two-by-six roof trusses, I used two-by-six roof trusses. I was told that a house built according to code could withstand a hurricane. I did, and the house withstood the hurricane. I suppose no one else around here followed the code.' This lack of preparation for natural disaster is worldwide. However, if we build on a strong foundation then there is less chance of the building collapsing. This lack of preparation is common in many aspects of life. Many times, we don't make the necessary preparation for invited guest. Then it's a big scramble at the last minute to fix something up. Young people know that the school exams are coming up, but they don't put in the preparation and study needed to pass the exams. What can they do? It's too late, they have failed the test. Many people desire to leave a large inheritance for their family when they die. They work hard and save but their life is shallow and filled with anxiety. But what of their soul? We all know we will die on day what preparation have we made for our souls. Have we made preparation for their soul's destiny after death? Seldom people think of eternity and so make little or no preparation. The prophet Isaiah says in Isaiah chapter 28 verse 16 'Therefore thus saith the Lord GOD, Behold, I lay in Zion for a foundation a stone, a tried stone, a precious corner stone, a sure foundation:' Then in Ephesus chapter 2 verse 20 scripture explains that 'Jesus Christ himself being the chief corner stone;'. To be sure of heaven you need to build your life on a solid foundation who is Jesus Christ. He is the one who suffered and died for you on the cross. He took the punishment for your sin on himself so that you could be sure of a firm foundation. You could be sure of your souls final destiny. Trusting in man is like trusting in a foundation of dust that has no strength or power to withstand the feeblest blast. The holy scriptures teach that if we repent of our sins and trust in Christ, the solid foundation, then we are sure of a heavenly home in Heaven. A place of peace and rest at the end of life.

pilgrimway101@yahoo.com

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

## मालपोत ...

यता, भूमि व्यवस्थापन तथा अभिलेख विभागले एकै पटक असोज १५ गते रातिसम्म लगाएर करिब दुई सय कर्मचारीहरुको सरुवा गरेको बताइएको छ। विभागको सरुवामा नासुदेखि मालपोत अधिकृत बढी रहेको श्रोतले जानकारी दिएको छ। निजामती ऐन तथा सरुवा मापदण्डमा कर्मचारीहरुलाई दुई वर्ष पूरा नभएसम्म सरुवा नगर्ने व्यवस्था भएपनि भ्रष्टाचारको केन्द्रविन्दु मानिँदै आएका मालपोत कार्यालयहरुमा राजनतिक शक्ति र आर्थिक चलखेलका कारण सरुवा हुने गरेको कैयौं उदाहरणहरु रहेका छन्।

यसैबीच भर्खरै विभागको महानिर्देशक बनेका कृष्ण सापकोटाले सरुवामा अधिकृत र नासुहरुबाट आर्थिक चलखेल गरी उपत्यकाबाट उपत्यकामै सरुवा गरेको जानकारहरुले बताएका छन्। महानिर्देशक सापकोटालाई हालका गृहसचिव गोकर्णमणि दुवाडी भूमि सुधारमा हुँदा पठाएका हुन्।

महानिर्देशक सापकोटा आर्थिक चलेखल लगायत शक्तिकेन्द्र रिझाउन खप्पिस रहेको भुक्तभोगीहरुले बताएका छन्। सरकारले जतिसुकै सुशासन र भ्रष्टाचारको न्यूनीकरण गर्ने संकल्प लिए पनि मालपोत र नापी कार्याहरुमा खुलेआम विचौलिया, जग्गा दलाल र लेखनदारहरुमार्फत भ्रष्टाचार हुने गरेको उदाहरण भक्तपुर मालपोतमा देख्न पाइने समाचार श्रोतले बताएको छ।

राज्यबाट अनुगमन र नियमन नहुँदा मालपोतका डिजी नै भ्रष्टाचारको चास्नीमा डुब्ने गरेको चर्चा चलेको छ।

## कांग्रेसले ...

र जनतासँग जोडिने कार्यक्रम ल्याउन नसकेको आरोप लागेको छ। काँग्रेसले बाढी पीडितका लागि ५० लाख र मन्त्रीहरुले एक महिनाको तलब तथा सांसदले १५ दिनको तलब दिने समेत घोषणा गरेको छ। यता, काँग्रेसका वरिष्ठ नेता शेखर कोइरालाले सरकार र पार्टीबाट मन्त्री बनेकाहरुको कार्यशैली प्रति चर्को असन्तुष्टि व्यक्त गरेका छन्।

पार्टीको संगठन निर्माणमा खासै ध्यान नदिएको काँग्रेसले सार्वजनिक कार्यक्रममा भने आकाशको तारा खसाल्ने गरेको छ। काँग्रेसको कार्यशैलीलाई लिएर नेता चन्द्र भण्डारी पनि खरो रुपमा उत्रिएका छन्।

सहकारी प्रकरणमा रास्वपाका सभापति रवि लामिछानेलाई छानविन समितिले सुनपानी छर्केर चोख्याउने प्रयत्न गरेपछि महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको श्वर धसिन थालेको छ। उपसभपाति धनराज गुरुङ श्रीमतीको सहकारी काण्डले हिस्स बुढी खिस्स दाँत बनेका छन्। यी सबै काण्डहरुको पर्दाफास काँग्रेसले नगरे २०८४ को निर्वाचनमा डामिने काँग्रेसीहरुले नै बताउन थालेका छन्।

काँग्रेसबाट निर्वाचन जितेका प्रदेश सांसद, प्रदेशका मन्त्री र स्थानीय तहका जनप्रतिनिधि भ्रष्टाचारमा लिप्त भएपछि गाउँ गाउँमा सिंहदरबार, जतासुकै भ्रष्टाचार भनी नाक खुम्च्याउन थालेको जानकारहरुले बताएका छन्। तसर्थ काँग्रेसले यस्ता विकृति र बेथितिको अन्त्य गरी सुशासनको पक्षमा कठोर हुनुपर्ने आम बुझाई छ।

## अविरल...

कान्ति लोकपथ र बी.पी. राजमार्ग क्षतविक्षत भएका छन्। मुग्लिन-काठमाडौं, पृथ्वीराजमार्ग, वर्दीवास सिन्धुली-काठमाडौं (बी.पी. राजमार्ग) र सिन्धुपाल्चोक काठमाडौं (अरनिको राजमार्ग) दशैं अगाडि पूर्णरुपमा निर्माण हुनसक्ने अवस्था छैन।

काठमाडौं उपत्यकाका सडकहरु र जनजीवन पनि बाढीले प्रभावित पारेको छ। अवरुद्ध सडक खोल्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागका उच्चपदस्थ अधिकारीहरु घनिभूत रुपमा लागिपरेका छन्। पानी पर्न रोकिए २-४ दिन भित्र अधिकांश सडक खुल्ने सडक विभागका महानिर्देशक रामहरि पोखरेलले बताएका छन्। दशैको मुखमा विभागले अवरुद्ध सडक खुलाउन पहल भैरहेको छ। धुलिखेल-सिन्धुली राजमार्गको नेपालथोक र नारायणगढ-बुटवल पूर्वपश्चिम राजमार्गको दाउन्ने सडक खण्डमा यात्रुले सास्ती बेहोर्नु परेको खबर छ।

तीन दिनको भारी वर्षाले ११ वटा पुल बगेका छन्, भने कोशीमा २६ वटा पुलमा क्षति भएको समाचार श्रोतले बताएको छ। सरकार वादीले पुऱ्याएको क्षतिप्रति राहत र पुनर्स्थापनामा जुटेको छ। अवरुद्ध सडकहरु दशैं अगाडि नै खुल्ने आशामा यात्रुहरु घरजान टिकट लिन हानाथाप गरिरहेका छन्।

यता, राष्ट्रिय यातायात व्यवसायी महासंघले अग्रिम टिकट बुकिङ्गको व्यवस्था स्थगित गरेपछि दशैंमा घर जान खोज्नेहरू थप समस्यामा परेका छन्। राहत र उद्दारमा जुटेको सरकारले यात्रुहरूको मर्का नबुझ्नु र बाटामा खुलेका खाजाघरहरूको अनुगमन नहुदा यात्रुहरू महंगो पैसा तिरेर खाना र खाजा खान बाध्य भएका छन्।

उपत्यकाका विभिन्न ठाउँबाट ६ लाख भन्दा बढीले टिकट बुकिङ्ग गरेको समाचार श्रोतले बताएको छ। समयमै सडक मर्मत नभए लगभग १५ लाख मान्छेहरू दशैंमा घर जान चाहेर पनि नपाउने भएका छन्।

उता, असौज १०, ११ र १२ गतेको बर्षाले पाक्नै लागेको धानमा क्षती पुऱ्याउँदा कृषितर्फ ६ अर्बको नोक्सान गरेको सरकारले बताएको छ। त्यसैगरी सडकतर्फ दुई अर्ब बढीको क्षती भएको समाचारमा उल्लेख छ। दशैंको मुखमा निम्तिएको बिपत्तीले कूल १७ अर्ब रकमको नोक्सान भएको छ। सरकार बेलैमा सचेत नभए स्वास्थ्य संकट निम्तन सक्ने खतरा देखिएको छ।

## गृहमन्त्रीको ...

बचाउन चारजनाको हारगुहार मागेको र सरकारको फितलो तयारी र ढिलासुस्ती भनी गृहमन्त्रीमाथि प्रश्नचिन्ह उठाइएको हो।

शान्ति सुरक्षा व्यवस्थापनमा गैरजिम्मेवार बनेका धादिङका सिडिओ, एसपी र काभ्रेका सिडिओहरुलाई गृहमन्त्रालयमा तानेर ती जिल्लामा नयाँलाई पठाइएको गृहश्रोतले बताएको छ। चुस्त सार्वजनिक सेवा प्रवाह विधि र कानूनी शासनको प्रत्याभूतिमा गृहमन्त्री दत्तचित्त रहेको बताइएको छ।

## विपद्ले ...

पूर्वाधार बनाउन आफ्नो कार्यकर्तालाई ठेक्का दिन्छन्, मत लिन्छन्।

एकातिर कार्यकर्ता खुशी, अर्कोतिर आफ्नो पनि भलो। यतिबेला जनताको घरमा रुवाबासी चलेपनि नेता र सरकारी कर्मचारीलाई दशैं लागेको छ। कोरोनाको बेला कतिसम्म अपराध सरकारबाट भयो ? सबैले देखेकै छन्। महिनौंदिन पैदल हिँडेर सर्वसाधारण आफ्नो गाउँ फर्किए।

राहत नेता र तिनका कार्यकर्ताले घरमा लगेर थुपारे। जनताले खान नपाएर आत्महत्या गरे। टुँडिखेलमा अर्काले दिएको भात खान बिहानै उठेर पुग्थे। खोप हिनामिना भयो। विदेशीले निःशुल्क दिएको खोप पाँच हजार रुपियाँसम्म बिक्री गरियो। जनताले न राहत पाए न खोप। २०७२ बैशाख १२ गते मुलुकले ठूलो भूकम्पको सामना गऱ्यो।

केही समयअगाडि मात्र जाजरकोटमा भूकम्प गयो। धेरैले ज्यान गुमाए। कैयन विस्थापित भए। उनीहरु खुल्ला आकाशमूनि रात काट्न बाध्य भए। सरकारले राहत बाँड्यो तर जनतासम्म पुगेन्। एउटा पालसमेत पाएनन्। जो बोल्न सक्दैनथ्यो, जो राजनीतिक दलको सदस्य थिएन्, उनले राहत पाएनन्।

विस्थापित हुनेको हातमा राहत पुगेन्। जो पेन्सन खान्छ, जसको छोराछोरी अमेरिका, अष्ट्रेलिया छ, जसले महिनाको लाखौं घरभाडा उठाउँछ, उसले राहत लियो। सरकारले घर भत्केकालाई तीन लाख दिने निर्णय गऱ्यो। घर केही नभएकाले त्यो पैसा लिए। सरकारले बाढी पीडितमा मृत्यु भएकालाई दुई लाख र घर बनाउन ५० हजार दिने भनेको छ।

यो पैसा सरकारमा बस्नेहरुले आफ्नो गोजीबाट दिने होइनन्। जनताले तिरेको कर र विदेशीबाट लिएको ऋण हो। तर, यहाँ कमाउधन्दा चल्छ। जसले आफूलाई मत दिन्छ, उसैले पाउँछ। अरुले त टुलुटुलु हेर्ने मात्र हो। देशमा कुनै विपद् आउँदा नेताहरु दुःख व्यक्त गर्छन्।

मनमनै खुशी हुन्छन् किनकि 'दुवै हातमा लड्डु' जो हुन्छन्। एउटा उखान छ,'मुखमा रामराम, बगलीमा छुरा।' नेताहरुले मुखले हामीलाई साह्रै दुःख लागेको छ, देशले यत्रो विपद्को सामना गर्नुपरेको छ भन्छन् यद्यपि उनीहरु कमाउन र मत लिने अवसर पाइयो भनेर साह्रै हर्षित हुन्छन्।

सर्वोच्च अदालतले भाटभटेनी साहु मीनबहादुर गुरुङ्गले अरबौं रुपियाँ राजश्व छलेको, सरकारी जग्गा हिनामिना गरेको फैसला गरेको छ। उनी त्यो राजश्व तिर्दैनन्, बरु एक करोड रुपियाँ बाढी पीडितलाई दिएजस्तो गरेर प्रधानमन्त्रीसँग फोटो खिचाउँछन्। अरबौं रुपियाँ छल्ने अनि एक करोड दिएर वाहीवाही बटुल्ने।

मिडियामा समाचार आएपछि त चर्चा भयो। भाटभटेनी साहुले बाढी पीडितलाई राहत दिए हैं भन्ने भयो। त्यो समाचार हाल्नुको साटो राजश्व तिर भनेर मिडियाहरुले लेख्या भए हुन्थ्यो नि ! भाटभटेनी साहुले सहयोग गरेको होइनन्, मिडिया र जनताको आँखामा भ्रम छरेका हुन्।

विडम्बना, यति सामान्य कुरा मिडिया देख्दैनन्। यहाँ त सबै राज्यलाई दोहन गर्ने मात्र भए। करोड दिएजस्तो गरेर अरबौं छल्ने खेल। सरकार उद्योग व्यवसायीसँग कर उठाउन सक्दैन। उद्योग व्यवसायीले अरबौं रुपियाँ विद्युत बक्यौता भुक्तान गरेका छैनन्। राजश्व उठाउन सरकार असफल छ।

राजश्व उठाउँदा आफ्नो मत जाने डर जो छ, अनि किन उठाउँथ्यो ! अब विदेशीबाट ऋण लिएरै राहत बाँड्ने हो। त्योबाहेक कुनै विकल्प नै छैन। देश धितो राख, ऋण लिँदै ज-जसलाई बाँड्नु छ बाँड। देशमा ३६ हजार त जनप्रतिनिधि छन्। उनीहरुले मासिक ५० हजारदेखि तीन लाखसम्म तलबभत्ता खान्छन्।

पाँच लाखदेखि २५ करोड रुपियाँसम्मको सरकारी गाडी चढ्नेहरु छन्। गाडीमा लाग्ने खर्चबापत वार्षिक खरबौं रुपियाँ खर्च हुन्छ। देश जटिल अवस्थामा छ। विदेशी ऋण थपिएको थपै छ। सरकारले त जनप्रतिनिधिहरुको तलबभत्ता काटेर बाढीपीडितलाई दिनुपर्ने हो।

नाकि विदेशी ऋण लिएर। अब पेन्सन, ज्येष्ठ नागरिक, एकल महिलालगायतले पाउने भत्ता पनि कटौती गर्नुपर्छ। भाँडोमा भात भए त थालमा पस्किने हो। भात नै छैन् भने के पस्किने ? अहिले सरकारको अवस्था त्यस्तै छ। राज्यको ढुकुटीमा पैसा छैन्, खर्च बढेको बढ्यै छ।

यस्तो जटिल अवस्थामा मुलुकलाई यति ठूलो क्षति पुगेको छ। अब अनावश्यक खर्च गर्न जरुरी भएको छ। अहिले सरकारले बेकारमा ६५ हजार करारका कर्मचारी पालिरहेको छ। उनीहरुलाई हटाउन आवश्यक भइसकेको छ। मुलुकमा मन्दी भएपछि जनताले कर तिर्न छोडिसकेका छन्। विदेशी ऋण झण्डै २६ खर्ब पुगिसकेको छ।

एक जना नेपालीको टाउकोमा झण्डै एक लाख रुपियाँ ऋणको भारी छ। अबको दुई वर्षमा विदेशी ऋण दोब्बर हुन्छ। अहिलेको क्षतिले मुलुक १० वर्षपछाडि धकेलिएको छ। यो क्षति व्यहोर्न ठूलो खर्च लाग्छ। जसको स्रोत सरकारसँग छैन। गत बिहीबार रातिदेखि परेको अविरल वर्षाले नख्खु खोलामा भेल आयो।

खोला छेउ छहरामा बसिरहेका चार जनाले बचाऊबचाऊ भने। गृहमन्त्री रमेश लेखक सिंहदरबारमा बसेर हामीले सक्दैनौं भनिरहे। एक युवकले बचाए। अब देशलाई त्यसरी जोगाउने मान्छेको खाँचो परेको छ। देश धितो राखेर कहिलेसम्म ऋण ल्याउँछन् ? मोजमस्ती गर्छन् ? सीधासाधी जनताको नाम लिएर राजनीति गर्छन् ? जनताले हेर्न बाँकी छ।

## विपत्तीको ..

कारण विदेशबाट काठमाडौं आई आफ्नो जिल्लामा जान चाहनेहरुका लागि पनि अहिले अवरोधको अवस्था छ। खासगरी काठमाडौं विभिन्न बाहिरी जिल्लाबाट आई बसोबास गर्नेहरु दशैंको अवसर पारेर आफ्नो थातथलोमा जाने गर्दछन्।

यस्तो अवस्थामा देशैभरीका मार्गहरुमा अवरोधको अवस्था आई दिँदा समस्या परेको अवस्था छ। खासगरी काठमाडौं उपत्यकामा बाढीको प्रभाव बढी देखिएको छ। काठमाडौं उपत्यकाको तीनवटै जिल्लामा बाढीले बढी प्रभावित गरेको अवस्था छ।

काठमाडौं उपत्यका भित्रका सबै खोला तथा नदीहरुमा पानीको बहाव अत्यधिक बढ्न पुगेको थियो। सो कारण खोला किनाराका बस्तीहरुमा पानी पसेको थियो। यसैगरी काठमाडौंका गल्लीहरुमा समेत पानीको मात्रा बढी घर घरमा पानी पसेको थियो। कतिपय गल्लीहरुबाट समेत मानिसहरु हराइरहेको बताइन्छ।

यस्तो विपत्तिको बेलामा सरकारको कामकारबाहीलाई हेरेर जनताले धिकार्ने कार्य गरेका छन्। काठमाडौं उपत्यकामै बाढी फसेका मानिसहरु घरको छतमा चढेर कराउँदा पनि सरकारी पक्षले उनीहरुलाई समयमै उद्दार गर्न नसक्दा उनीहरुले बगेर बेपत्ता हुनु परेको छ।

यसैगरी मुलुकमा विपत्ति परेका बेलामा अमेरिकामा रहेका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको कार्यशैलीलाई लिएर आलोचना भैरहेको छ। उनी आफ्नो भ्रमण नछोट्याई अमेरिकामै रहेका कारण उनको आलोचना भएको हो। मुलुकमा प्राकृतिक प्रकोप परेको अवस्थामा प्रधानमन्त्री ओली विदेशीहरुसँगको भेटघाटमा मख्ख थिए। उनले त्यहाँबाट आश्वासन बाँड्ने कार्यमात्र गरेको तर आफ्नो नेतृत्वको सरकारलाई सही ढंगबाट परिचालन गर्न नसकेको भनी आलोचना गरिँदै आएको छ।

प्रधानमन्त्री स्वदेश फर्किएकै दिन मन्त्रिपरिषदको बैठक बसे पनि त्यसले जनचाहना अनुसारको मल्हम लगाउने कार्य भने गर्न नसकेको अवस्था छ। जनता यसरी बाढी पहिरोको मारमा परेको यो बेला पनि सरकारले जनचाहना अनुसारको राहतको घोषणा गर्न सकेको देखिँदैन।

मुलुकमा विपत्ति छाइरहेको यो बेलामा पनि दलहरु भने खिचातानीमै देखिएका छन्। सरकारमा रहेका दलहरुले नै एक अर्कालाई आरोप प्रत्यारोप लगाउने कार्य गर्न थालेका छन्। बाढी पहिरोको समयमा प्रधानमन्त्रीको कार्यशैली ठीक नभएको भनी नेपाली कांग्रेसका नेताहरुले ओलीको आलोचना गरिरहेका छन्। यसैगरी ओलीको दल नेकपा (एमाले) का नेताहरु कांग्रेसका तर्फबाट गृहमन्त्री रहेका रमेश लेखकले सही भूमिका निर्वाह गर्न नसकेको भनी उनको आलोचना गरिरहेका छन्।

यसैबीच प्रमुख प्रतिपक्षमा रहेको नेकपा (माओवादी केन्द्र) पनि यो विपत्तिको बेलालाई सरकारको आलोचना गर्ने मौकाको रुपमा बुझिरहेको छ। सोही कारण माओवादी केन्द्रका नेताहरुले सरकारको कार्यशैलीको आलोचना गरिरहेका छन्।

उता, चौथो ठूलो दल भएर खेल्दै सरकारमा सामेल हुँदै आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि आफ्नै सभापति रवि लामिछानेका कारण विवादमा परिरहेको छ। अरुको गाली तथा आलोचना गर्न तम्सिने रास्वपा लामिछाने कुनै पनि बेला सहकारी ठगी काण्डमा पक्राउ पर्ने त्रासमा रहेको अवस्था छ।

मंगलमय शुभकामना

बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना

आइ. डी.बी. ग्लोबल प्रा.लि.परिवार
काठमाडौं-२९

मंगलमय शुभकामना

बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना

राजिव कुमार कर्ण (अध्यक्ष)
डिजी पे प्रा.लि.

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको महानचाड बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण नेपालीहरुमा सुख , शान्ति, सुस्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

टेलिभिजन/वासिङ मेसिन चाहिएमा

नेपाली बजारमा आफ्नै नेपाली पहिचान
टेलिभिजनको दुनियाँमा नेपाली अभियान
- नेपाली ग्राहकको चाहना हामी उचित मूल्यमा पूरा गर्दछौं।
काठमाडौं उपत्यका तथा वीरगञ्जमा जहाँ चाहियो त्यहीं

Abhiyan
अभियान डिजिटल वर्ल्ड प्रा.लि.
काठमाडौं
विष्णु काफ्ले (९८५१११७५७२)

Considering studying or working aboard?
Come to Joy International Language Institute
for all levels of
English and Spanish Language Classes
including IELTS, PTE, TOEFL
Improve your conversation skills speaking with a native speaker.
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com










# डेंगीका लक्षणहरू

**डेंगीका लक्षणहरु**

- एक्कासी ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी, मांशपेसी र ढाड दुख्नु,
- शरीरमा विविरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाक्वाकी लाग्नु, बान्ता हुनु

**यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# डेंगीबाट बच्ने उपायहरु

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मल्हम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अँध्यारो कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्याँकी, फुलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**







Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**

Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu

Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**